# लेखापरीक्षण प्रतिवेदन

# कलैया उप महानगरपालिका

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कलैया उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/381

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
कलैया उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कलैया, बारा ।

## कैफियतसहितको राय।

हामीले कलैया उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. उपमहानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । उपमहानगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४३ करोड ५६ लाख ५६ हजार, पुर्वाधार विकास कार्यक्रमको रु. ४ लाख, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ८३ लाख ६३ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु.४४ करोड ४८ लाख ३४ हजार समावेश गरेको छैन।

२. उपमहानगरपालिकाको लागिसंघीय सरकारबाट रू.५८ करोड १४ लाख ६४ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.४ करोड ३२ लाख ८९ हजार बचत रहेको छ । उक्त रकम मध्ये रु.४ करोड ३१ लाख ९१ हजार असार मसान्तमा फिर्ता गरी बाँकी रु.९८ आर्थिक वर्षको समाप्ति पश्चात् मिति २०८१।४।२८ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

३. उपमहानगरपालिकाको रु.२ अर्ब ४१ करोड १९ लाख ३५ हजारको लेखापरीक्षण गरिएकोमा रू.१३ करोड १ हजार बेरुजू देखिएको छ। पालिकाबाट प्रारंभिक प्रतिवेदनउपर प्रतिक्रिया प्राप्त भएको छैन। यस वर्षको असुल गर्नुपर्ने रू.१ करोड १३ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ८ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.७ करोड ६९ लाख ३९ हजार र पेस्की बाँकी रु.१ करोड ८ लाख २७ हजार समेत रु.१३ करोड १ हजार बेरुजु कायम भएको छ। गत वर्षसम्म रु.६० करोड ५८ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्यौंट एवं यस वर्ष कायम बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७३ करोड ५८ लाख ४० हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजुस्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. उपमहानगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने उपमहानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी उपमहानगरपालिका व्यवस्थापनमा रहेको छ। उपमहानगर कार्यपालिका, उपमहानगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७९ | १३१ | १३,००,०१,२०८ | ० | ० | ० | ० | ७९ | १३१ | १३,००,०१,२०८ | १,१३,३६,६४० | ७,६९,३९,०८१ | ३,०८,९८,६७८ | ० | ० | १०,७८,३७,७६० | १,०८,२६,८०८ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारा | ६०,५८,३९,००० | ० | ० | ६०,५८,३९,००० | ० | १३,००,०१,२०८ | ७३,५८,४०,२०८ |

# (८०२२१३०१३०० - कलैया उप महानगरपालिका )

# परिचय

१ **परिचय खण्ड**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २७ वटा वडा रहेको छ भने क्षेत्रफल १०८.९ वर्ग कि.मी. तथा जनसंख्या १३६२२२ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८। ४ देखि २०८१ ।८। १४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा भुक्तानी गर्न बाँकी कर दायित्व मध्ये रु.५१३८१.९८ रकम सम्वन्धित खातामा दाखिला भएको प्रमाण पेश भएको छ ।

**(छ) आर्थिक कारोबारको स्थिति :-** म.ले.प.फा.नं. २७० अनुसार उपमहानगरपालिकाको आर्थिक कारोबारको स्थिति निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| आ.व.: २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिकसङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २६००६७३०१ | ० | २६००६७३०१ | २४८१३२९८१ | ० | २४८१३२९ |
| १३००० | अनुदान | | ८१५१९६४९२ | ० | ८१५१९६४९२ | ९४८५९०२६४ | ० | ९४८५९०२ |
| १४००० | अन्य राजस्व | | ७५८९६३७३ | ० | ७५८९६३७३ | ४१५४८३०८ | ० | ४१५४८३ |
| क | कुल जम्मा प्राप्ति | | ११५११६०१६६ | | ११५११६०१६६ | १२३८२७१५५४ | | १२३८२७१५ |
| ३ | चालु | | ८५७९४९७९२ | ० | ८५७९४९७९२ | ७९५६०१८५७ | ० | ७९५६०१८ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४८१३१४४१० | ० | ४८१३१४४१० | ४६५६३८००८ | ० | ४६५६३८० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ३४४३८६४०० | ० | ३४४३८६४०० | ३०४५२५९९७ | ० | ३०४५२५९ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | | २५००००० | ० | २५००००० | २०००००० | ० | २०००० |
| २५००० | सहायता (Subsidy) | | ९१९०७५४ | ० | ९१९०७५४ | ८१९८९३५ | ० | ८१९८९ |
| २७००० | सामाजिक सुरक्षा | | १२८३७९५० | ० | १२८३७९५० | ८८१४०४९ | ० | ८८१४० |
| २८००० | अन्य खर्च | | ७७२०२७९ | ० | ७७२०२७९ | ६४२४८६८ | ० | ६४२४८ |
| ४ | पूंजीगत | | ३०३८६१९७६ | ० | ३०३८६१९७६ | ५०८६२८६०२ | ० | ५०८६२८६ |
| ३१११० | भवन तथा संरचना | | ३८२५२६३ | ० | ३८२५२६३ | २९०३९९२० | ० | २९०३९९ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३०५१२९३ | ० | ३०५१२९३ | ७७१९३७९ | ० | ७७१९३ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ७८२३६१७ | ० | ७८२३६१७ | ० | ० | |
| ३११५० | सार्वजनिक निर्माण | | २५३९२४५७२ | ० | २५३९२४५७२ | ४४००१४९५९ | ० | ४४००१४९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ९७८८९१ | ० | ९७८८९१ | ० | ० | |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३२७५८३४० | ० | ३२७५८३४० | ३१२८१८४४ | ० | ३१२८१८ |
| ३१२२० | मौज्दात सामानहरु | | ० | ० | ० | ५७२५०० | ० | ५७२५ |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | १५००००० | ० | १५००००० | ० | ० | |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख) | कुल जम्मा भुक्तानी | | ११६१८११७६८ | | ११६१८११७६८ | १३०४२३०४५८ | | १३०४२३०४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (१०६५१६०२) | | (१०६५१६०२) | (६५९५८९०४) | | (६५९५८९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | (७८५९८८९) | | (७८५९८८९) | (२२६९३८९७) | | (२२६९३८ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (१०१९६०००) | | (१०१९६०००) | (९१६२३९९) | | (९१६२३ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (१८५११४९१) | | (१८५११४९१) | (८८६५२८०१) | | (८८६५२८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १२१०८२७७४ | | १२१०८२७७४ | २०९७३५५७६ | | २०९७३५५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १०२५७१२८३ | | १०२५७१२८३ | १२१०८२७७४ | | १२१०८२७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । उपमहानगरपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - उपमहानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्नानुसार कार्यक्रमको जम्मा रु. ४४४८३४२४०.९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.स | कार्यक्रम | रकम |
|---|---|---|
| १ | गरिबसँग विशेश्वर कार्यक्रम | ४१५००० |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८३६३१९६ |
| ३ | स्थानिय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४००००० |
| ४ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ४३५६५६०४४.९ |
| | जम्मा | ४४४८३४२४०.९ |

२.२ **फरक हिसाब** – यस उपमहानगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. ४९२३९५६०८, यस वर्षको भुक्तानी रु . ४५३८४८७७२ र बैङ्क मौज्दात रु. ३८५४६८३६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १२१०८२७७४ | ११९८२७११९० | १२१३६६३५२९ | १०५६९०४३६ |
| एकीकृत आर्थिक विवरणअनुसार | १२१०८२७७४ | १६९०६६६७९९ | १६६७५१२३०१ | १४४२३७२७२ |
| फरक | ० | ४९२३९५६०८ | ४५३८४८७७२ | ३८५४६८३६ |

२.३ **फरक जिम्मेवारी** - उपमहानगरपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको बाँकी मौज्दात रु. १२,१०,८२,७७४.२४ रहेकोमा सोहि रकम बराबर नै जिम्मेवारी सारेको छ । तर गत वर्षको लेखापरीक्षण अनुसार रु. १३०१५२५०८.७५ रहेको देखिन्छ ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार उपमहानगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।

| खाताकोप्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग २.७ - विविध खर्च खाता / राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, १२६००३०२०७०००४ | ८७७९३५२ | ८७७९३५२ | ० |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, १२६०१००३०३००००००४ | २००२९४५६ | २००२९४५६ | ० |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / राष्ट्रिय बाणिज्य बैंकलिमिटेड, १२६०१००३०४०१०००४ | ७९९४९७६८ | ७९९४९७६८ | ० |
| ग ५.१ - स्थानीय तह विविध कोष खाता / राष्ट्रिय बाणिज्य बैंकलिमिटेड, १२६०१००३०५०१०००४ | ५९१०५ | ५९१०५ | ० |
| ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता / राष्ट्रियबाणिज्य बैंक लिमिटेड, १२६००३०७०२०००४ | ७०१३८३८ | ७०१३८३८ | ० |
| चालु खाता | ० | १२३९९१९९ | १२३९९१९९ |
| जम्मा | ११५८३१५१९ | १२८२३०७१८ | १२३९९१९९ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ

२.५ **कर दायित्व** –आयकर ऐन २०५८ को दफा ८८ वमोजिम भुक्तानी दिंदा कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। उपमहानगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १,०१,९६,०००.२३ देखाएको छ । कट्टि गरेको रकम भुक्तानी गर्न बाकी रकम मध्ये गो.भौ.नं./मिति २६२/२०८१।८।३० बाट रु २५८३३।९८ र गो.भौ.नं./मिति ९/२०८१।९।४ बाट रु २५५४८ समेत जम्मा रु.५१३८१।९८ लेखापरीक्षणको क्रममा दायित्व भुक्तानी भएको देखिन्छ । बाँकी कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,४४,६१८.२ |

२.६ गत विगतको भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। उपमहानगरपालिकाले नियमित र चालु प्रकृतिका खर्चको आ.व ०७९/८० को दायित्व भुक्तानी शीर्षकमा रु.१५,५३,५२,२५० वजेट विनियोजन गरी विभिन्न कार्यक्रम/योजनामा रु. १२,९६,९०,६९८.३ भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३ **शसर्त अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. ४३२८८७७७.७८ देखाएकोमा उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०।८१ को असार अन्तिममा रु. ४३१९०७७७.७७ मात्र फिर्ता गरेको देखिएकोले बाँकी रु. ९८००० रकम २०८१।४।२८ गते फिर्ता गरेको देखिन्छ । अतः फिर्ता गर्ने रकम समयमै फिर्ता गर्ने तर्फ उपमहानगरको ध्यान जानुपर्ने देखिन्छ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम उपमहानगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा यस उपमहानगरपालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **लक्ष्य प्रगति** : उपमहानगरपालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा आफूले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि |
| **कार्यक्रम संख्या** | ४४७ | २५४ | ९ | १८ | ११ | १५५ |
| **पालिका** | ११७ | ७८ | २ | ६ | १ | ३० |
| **वडागत** | ३३० | १७६ | ७ | १२ | १० | १२५ |

४.४ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार २७ वडाको लागि वडागत र पालिकास्तरका कुल ४४७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ११७ | १८ | ४५ | ५४ |
| २. | वडास्तरीय | ३३० | ४ | ८८ | २३८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९३ योजना मात्र कार्यान्वयन भई २५४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.५ **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस उपमहानगरपालिकाले यो वर्ष विभिन्न शीर्षकमा एकमुष्ट रु. २४९१०२२५० अबण्डा बजेट व्यवस्था गरी रु. १६००५७८६० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४.६ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री रौसन परविनले मिति २०८०।०३।१० गते रु. १ अर्व ५३ करोड २८ लाख ५५ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.७ **मध्यकालिन संरचना र रकमान्तरः** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको विशेष नगरसभाको निर्णयबाट रु.३४ करोड ५३ लाख २८ हजार रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण उपमहानगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

## ५ आय र व्यय बिश्लेषण

५.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय(गत वर्षको अल्या सहित) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७९,००,२४,७२२.२३ | ११,३४,७८,९०४.८० | १४.३६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १४.३६ प्रतिशत मात्र रहेको छ। त्यसैले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **खर्च बिश्लेषणः** उपमहानगरपालिकाले यसवर्ष कुल आन्तरिक आय रु.११ करोड ३४ लाख ७८ हजार ९०४, राजस्व बाँडफाँड रु.२२ करोड ६८ लाख ९३ हजार ३४१ र अनुदानबाट रु.८१ करोड ५१ लाख ९६ हजार ४९२ समेत रु.१ अर्व १५ करोड ११ लाख ३६ हजार ८८५ आम्दानी भएकोमा चालुतर्फ रु.८५ करोड ७९ लाख ४९ हजार ७९२ र पूँजिगततर्फ रु.३० करोड ३८ लाख ६१ हजार ९७६ गरी जम्मा रु.१ अर्व १६ करोड १८ लाख ११ हजार ७६४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु तर्फ ७३.८४ प्रतिशत र पूँजिगत तर्फ २६.१५ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५.३ **क्षेत्रगत बजेट तथा खर्च** : स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस उपमहानगरपालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५१०१००० | ११९२४४२०.०२ | १.०३ |
| २ | सामाजिक विकास | ६०३९०४००० | ५२८९७१४९७.१६ | ४५.५३ |
| 3 | स्वास्थ्य | ८५६५६००० | ८४६२७१४९.५६ | ७.२८ |
| 4 | पूर्वाधार विकास | ४२२८८१२५० | २२७०९०५३८.३७ | १९.५५ |
| 5 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२८३००० | १२७३६१४ | ०.११ |
| 6 | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५२८५१४००० | ३९२५५१६९८.९१ | ३३.७९ |
| कुल जम्मा | | ११९१६८३२५० | ११६१८११७६८.४६ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको वजेट मध्ये सामाजिक विकासमा सवैभन्दा वढी ४५।५३ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा सवैभन्दा घटी ०।११ प्रतिशत खर्च भएको छ।तसर्थ लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ।

५.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | ३०३८६१९७६.४२ | ६५९६३४९८.७३ | ४९२२३२७७.७ | ८०४६५७७९.३२ | १०८२०९४२०.६७ | ६३३९०९८२.०५ |
| | **प्रतिशत** | | **२१.७१** | **१६.२०** | **२६.४८** | **३५.६१** | **२०.८६** |

उपमहानगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३०३८६१९७६.४२ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ६५९६३४९८ अर्थात २१.७१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ४९२२३२७७.७ अर्थात. १६.२० प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ८०४६५७७९.३२ र चौथो त्रैमासिकमा रु १०८२०९४२०.६७ अर्थात. ३५.६१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६३३९०९८२.०५ अर्थात २०.८६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

## ६ आन्तरिक नियन्त्रण व्यवस्था

६.१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।उपमहानगरपालिकामा आन्तरिक लेखापरीक्षण शाखा नरहेको र यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६.२ **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर उपमहानगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाई मात्र श्रेस्तासाथ राख्ने गरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायतका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत पेश भएको छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघु उद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,

- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

तसर्थ उपमहानगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ कानुन निर्माण र न्याय सम्पादनको स्थिति

७.१ **कानून कार्यान्वयन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस उपमहानगरपालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, ८ कार्यविधि, निर्देशिका १ गरी १७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ र सवै कानुन राजपत्रमा प्रकाशन भएका छन् ।

७.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष दर्ता भएका मुद्दा संख्या १११ रहेकोमा ७२ यस वर्ष फछर्यौट भई ३९ वटा बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ८ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष उपमहानगरपालिकाबाट सेवाप्रवाह गरेको विवरण देहाय बमोजिम रहेको छः

| विवरण | प्रगति |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | प्राप्त नभएको |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ४७५१ |
| मृत्युदर्ता | ९४० |
| बसाई सराई दर्ता | २१८ |
| विवाह दर्ता | १५३४ |
| सम्बन्धविच्छेद दर्ता | १८ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ८०० मिटर |
| कालोपत्रे सडक मर्मत | २ किलोमिटर |
| ग्राभेल सडक निर्माण | ४ किलोमिटर |
| ग्राभेल सडक मर्मत | ३.४ किलोमिटर |
| नँया ट्रयाक खोल्ने कार्य | २ किलोमिटर |

९ **आवधिक योजनाः**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । आवधिक योजनाको कार्यान्वियनका लागि मध्यकालिन खर्च संरचना समेत तयार गरी योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमलाई समेटी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्दछ ।पालिकाले यस वर्ष पञ्चवर्षिय आवधिक योजना(आ.व.२०८०/८१-०८४/८५) तयार गरे तापनि मध्यकालिन खर्च संरचना तयार गरेको छैन । साथै योजनाले निर्धारण गरेको ९ वटा नगर गौरबका योजनामध्ये ३ वटा योजना मात्र बजेटमा समावेश गरेको र ६ वटा योजनामा शुन्य विनियोजन रहेको देखिन्छ । यसरी आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बिच तादाम्यता कमजोर रहेको देखिन्छ। त्यस्तै पालिकाले आवधिक योजनाको वार्षिक समिक्षा समेत नगर्दा योजनाको कार्यान्वियन अवस्था यकिन गर्न सकिएन । तसर्थ आवधिक योजनाको सफल कार्यान्वियनमा जोड दिनु पर्दछ ।

१० **विषयगत विनियोजनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम हुन सकेको देखिएन ।त्यस्तै वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा पालिकाले ५ वटा विषयगत क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, सँस्थागत विकास, सेवा प्रवाह तथा सुशासन) विभाजन गरी बजेट विनियोजन समेत गरेको देखिएन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **गैससलाई अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।उपमहानगरपालिकाले आवास निर्माण सहयोग अनुदान वापत लुमन्ती नामक संस्थालाई रु २५००००० अनुदान खर्च लेखेको छ । तर बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी

मापन गरेको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **पेश्की व्यवस्थापन**

१२.१ **चालु आ.व.को पेस्की बाँकी** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।उपमहानगरपालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की २०८०/८१ आर्थिक वर्षको फर्स्यौट नभई रु. १ करोड ८ लाख २६ हजार ८०८ बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१ को म्याद समाप्त भएको फर्स्यौट गर्न बाँकी रु.

**(विस्तृत विवरण बेरूजु दफा १२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १,०८,२६,८०७.९ |

१२.२ **गत बर्षको पेश्की फर्स्यौट र सम्परीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४७ मा पेश्कि दिने र फछर्योट गर्ने सम्बन्धी ब्यवस्था गरिएको छ। SUTRA को अभिलेख अनुसार अल्या पेश्की तर्फ बिभिन्न २७ व्यक्ति तथा संस्था, फर्मको नाममा रु. ३,८१,३३,७८१.९२ – फर्स्यौट गर्न बाँकी रहेको देखिएको छ ।यसरी लामो समय देखि SUTRA मा पेश्की अल्या हुँदै आएको सम्बन्धमा पालिकाले थप एकिन गरी फर्स्यौट भईसकेको भएमा सोही अनुसार पेश्की बाँकीको अभिलेखलाई अद्यावधिक गर्नुपर्ने देखिन्छ। स्रेस्ता अनुसार पेश्की फर्स्यौट भईसक्ने अवस्थामा समेत विगतमा कायम भएको पेश्की वेरुजु यथावत रहने अवस्था समेत देखिने गरेको हुँदा नियमानुसार संपरीक्षण गरी पेश्की बाँकीको विवरण अद्यावधिक गर्नुपर्दछ ।

१३ **पदाधिकारी सुविधा**

मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर उपमहानगरपालिकाले आन्तरिक स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु ५ करोड विनियोजन गरेकोमा ४ करोड ३१ लाख २ हजार खर्च भएको छ जस्मा रु.३ करोड ४२ लाख १८ हजार ३०३ निम्नानुसार शीर्षक अन्तर्गत खर्च गरेको छ । जुन यस वर्षको आन्तरिक आम्दानीको ४२ प्रतिशत हुन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभा सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ९०००० | ९०००० | १९४४००० | ५०४००० | ७२७२००० | ९९०००००० |
| २ | यातायात खर्च | ० | ० | ३२४०००० | ७५६००० | ३६३६००० | ७६३२००० |
| ३ | टेलिफोन,मोबाइल | ६०००० | ६०००० | ९७२००० | २१०००० | २४२४००० | ३७२६००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ६०००० | ६०००० | ९७२००० | २१०००० | २४२४००० | ३७२६००० |
| ५ | समन्वय तथा सहजीकरण | ० | ० | ० | ० | ० | ० |
| ६ | अतिथि सत्कार | १९८००० | १६२००० | २९१६००० | ६७२००० | ३६३६००० | ७५८४००० |
| ७ | खानेपानी/बिजुलि/सरसफाई | | | | | | ० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ४०५००० | १०५००० | १५१५००० | १६५०००० |
| | जम्मा | ४२३००० | ३८७००० | १०४४९००० | २४५७००० | २०९०७००० | ३४२१८००० |

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । उपमहानगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

१५ **विवरण नपठाएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय , ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिका मा पठाएको देखिएन ।

१६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट दाखिला गर्नु पर्ने व्यवस्था छ। उपमहानगपरपालिकाले उपलव्ध गराएको विवरण अनुसार आफ्नो क्षेत्र भित्र १७२ वटा सहकारी संस्था रहेका छन् । यी सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१७ **धरौटी**

आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ को उपनियम २(१) बमोजिम धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भए सोही अवधि भित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो सम्बन्धी कारोबार अन्तिम रुपले समाप्त भएको मितिले एक बर्ष भित्र धरौटी फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने ब्यवस्था छ।साथै उक्त नियमको उपनियम ३ (२) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधी अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नु पर्ने ब्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को अ. ल्या रु. २,१०,५२,१७६.१९ र यस आ.व मा १,२१,०५,५६९.०६ गरी जम्मा रु ३,३१,५७,७४५.२५ , रहेको छ । आ.व २०८०/८१ मा धरौटी फिर्ता रु. ९९,६२,४७९.६३ भएको र सदरस्याहा रु. ३१,६५,८०९.१२ गरी जम्मा रु. १,३१,२८,२८८.७५ खर्च भएको र बाँकी २,००,२९,४५६.५० रहेको देखिन्छ । पालिकाले फिर्ता गर्नुपर्ने म्याद सकिएको र धरौटी जफत गर्नुपर्ने रकम यकिन गरी प्रचलित कानून बमोजिम प्रकृया पुर्‍याई सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

१८ **समपूरक योजनामा साझेदारी**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को वुंदा ६ मा नेपाल सरकारले समपूरक अनुदान प्रदान गर्ने सम्बन्धी व्यवस्थामा स्थानिय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान प्रदान गर्ने र लागत साझेदारीका आधारमा खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । उपमहानगरपालिकाले यस वर्ष समपूरक अनुदान अन्तर्गत निम्नानुसार योजनामा कार्यविधिले तोके बमोजिम लागत साझेदारी रु १७५००००० गर्नुपर्नेमा संघीय समपूरक बजेटबाट मात्रै खर्च गरेकोले यस आर्थिक वर्षमा भुक्तानी भएको रकमको ५० प्रतिशत साझेदारी हुनुपर्ने रु.

| कार्यक्रम | यस आर्थिक वर्षमा भएको खर्च रकम | ५० प्रतिशत |
|---|---|---|
| नगरसभा गृह | ३००००००० | १५०००००० |
| बरेवा छठिया पोखरी पार्क निर्माण | ५००००००.०० | २५००००० |
| | ३५०००००० | १७५०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७५,००,००० |

१९ **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा फोहोरमैला प्रबन्ध तथा व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानिय तहको हुने व्यवस्था गरेको छ त्यसै गरी दफा १५ मा प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिन सकिने व्यवस्था गरेको छ भने सोही ऐनको दफा १७ मा सार्वजनिक नीजि साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने र १८ दफामा सेवा शुल्क उठाउन सक्ने व्यवस्था गरेको छ । उप-महानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनको योजना बनाएको देखिएन। यो वर्ष सरसफाई व्यवस्थापनको लागि रु. ५०९७०६७४.०५ खर्च गरेको देखिन्छ ।

| खर्च शीर्षक | रकम | विवरण |
|---|---|---|
| इन्धन (४२००४ लिटर) | ६७९०७८६ | २०८०।८१ को डिजलको औषत मुल्य रु.१६१.६७ रहेको |
| ज्याला | ४०००२४५४.१ | मासिक औषत १९३ जना ज्यालाकर्मिको भुक्तानी |
| सरसफाई औजार भाडा | ४१७७४३३.९५ | पालिकामा रहेका ट्याक्टर बाहेकको भुक्तानी गरेको ज्याला |
| जम्मा | ५०९७०६७४.०५ | |

उपमहानगरपालिकाले वार्षिक फोहोरमैला व्यवस्थापनमा रु.५०९७०६७४.०५ आन्तरिक स्रोतको ५२.१० प्रतिशत रकम खर्च गरेको देखिएतापनि ल्यान्डफिल्ड साइडको व्यवस्था नहुनु, फोहोरको बर्गिकरण नहुनु एंव बजार वरपर गल्लितिरफोहोरमैला फ्याकिनु जस्ता कारणले फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मेवारी दिन सकिने एवं फोहोरमैला व्यवस्थापनमा सार्वजनिक-नीजि साझेदारी गर्न सकिने र सेवा शुल्क उठाउन सकिने व्यवस्था रहेको सन्दर्भमा फोहोरमैला व्यवस्थापनको प्रभावकारी योजना बनाई फोहोरको प्रभावकारी व्यवस्थापन र फोहोरबाट समेत लाभ उठाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२० **निर्माण कार्यसंग सम्वन्धित कागजात**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । उपमहानगरपालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव, ठेक्का बील, कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति, नापी लिएको मिति, कार्य सम्पन्न हुनु पर्ने मिति, कार्यसम्पन्न भएको मिति जस्ता व्यहोरा उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि, कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि उपमहानगरपालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ विशेष ध्यान दिइ आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ।केही उदाहरण देहायअनुसार छः

| योजनाको नाम | निर्माण व्यवसायी | गो . भौ . नं ./ मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| कालोपत्रे ( पिच ) सड्क निर्माण ( KSMC/NCB/Works-05-078/79) | सुबेदी निर्माण सेवा | ५९२/०८०-१-९, ६७४/०८१-२-२५, ५४५/०८०-१२-७ | २०,००,००० | नापी किताबमा मिति उल्लेख नरहेको |
| टाउन हल निर्माण ( KSMC/NCB/Works-01-080/81) | तामाकोशी / साहारा जे . भी . | १३/०८०-१०-२५, १६/०८०-११-२१, २७/०८१-२-२५, ३२/०८१-३-१९ | २९५६१२९२.१० | चारवटा रनिङ्ग बिलको भुक्तानी भएकोमा नापी किताबमा मिति उल्लेख नरहेको |
| सड्क ढलान ( KSMC/NCB/Works-04-078/79) | एन . एन . कन्स्ट्रक्सन | ७७/०८०-५-३१, ५९१/०८१-१-९ | ५५७४२००.१३ | दोस्रो , तेस्रो तथा अन्तिम बिलको भुक्तानी भएकोमा नापी मिति उल्लेख नरहेको |
| विधालय भवन निर्माण ( KSMC/NCB/Works-0 6 -078/79 | नेरिसा कन्स्ट्रक्सन कम्पनी प्रा . ली . | ८/०८०-८-१५ २२/०८०-१२-७ ३१/०८१-२-३१ | ६१९९८६१.४२ | अन्तिम बिल सम्म भुक्तानी कार्य स्विकार जारी |

## २१ योजना अनुगमनः

स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा 16(ख)मा उपाध्यक्ष वा उपप्रमुखको काम कर्तव्य र अधिकारअन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन जारी गर्ने उल्लेख छ ।यस वर्ष कतिपय योजनाको अन्तिम भुक्तानी हुँदा सम्म यस्तो अनुगमन प्रतिबेदन जारी भएको देखिएन । साथै पालिकाले योजनाको अनुगमन प्रतिवेदन जारी गर्दा कतिपयमा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको समेत देखिएन । अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि जारी भएका प्रतिवेदनमा समेत केही कैफियत उल्लेख गर्ने गरेको देखिएन । जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ ।तसर्थ अनुगमन नियमित र प्रभावकारी वनाउनु पर्दछ । पालिकाले देहायअनुसारका सम्पन्न योजनाको भुक्तानी गर्दा अनुगमन प्रतिबेदन बेगर भुक्तानी गरेको छ । केही उदाहरण देहायअनुसार छः

| योजनाको नाम | निर्माण व्यवसायी | गो . भौ . नं ./ मिति | भुक्तानी रकम | रनिङ्ग बिल | कैफियत |
|---|---|---|---|---|---|
| सड्क ढलान ( KSMC/NCB/Works-04-078/79) | एन . एन . कन्स्ट्रक्सन | ७७/०८०-५-३१, ५९१/०८१-१-९ | ५५७४२००.१३ | अन्तिम बिल सम्मको भुक्तानी | कार्य स्विकार प्रतिबेदन जारी |
| छठीया पार्क सौन्दर्यकरण | घण्टीमाई कन्स्ट्रक्सन | २/०८१-२-३२ ६९७/०८१-२-३२ | ९०७८५९.०१ | अन्तिम बिल भुक्तानी | कार्य स्विकार प्रतिबेदन जारी |
| विधालय भवन निर्माण ( KSMC/NCB/Works-0 6 -078/79 | नेरिसा कन्स्ट्रक्सन कम्पनी प्रा . ली . | ८/०८०-८-१५ २२/०८०-१२-७ ३१/०८१-२-३१ | ६१९९८६१.४२ | अन्तिम बिल सम्म भुक्तानी | कार्य स्विकार जारी |

## २२ एक करोड माथिको योजना उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउने व्यवस्था रहेको छ र लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत रकम समाबेश हुनेछ भन्ने व्यवस्था रहेको छ । यस उपमहानगरपालिकाको कलैया हाटबजार मर्मत र सौन्दर्यीकरण योजनामा

लागत मुल्य रु. ९९९९४८९.३४ र कन्टिन्जेन्सी (१.५ प्रतिशत) रु.१४३९९२ गरी जम्मा लागत मुल्य १०१४३४८१ को निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०१,४३,४१८ |

२३ **सडक वोर्ड तर्फ**

आर्थिक वर्ष २०८०/८१ मा स्थानीय सडक मर्मत संभार कार्यक्रम कार्यान्वियन अनुसार कुनै पनि स्थानीय तहको कार्य श्रेत्रभित्र पर्ने सडकको मर्मत संभारको लागि सम्बन्धित नगरपालिकाले (उपमहानगरपालिका तथा महानगरपालिका समेत) कुल अनुमानित लागतको कम्तिमा ३० प्रतिशत र गाँउपालिकाले २० प्रतिशत बराबरको रकम सम्पूरक कोषको (Matching Fund) को रुपमा व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाको निम्नानुसार योजनामा २०८०/८१ मा भुक्तानी भएको रकममा ३० प्रतिशत साझेदारी नपुग रकम रु ९४७९९१ साझेदारी हुनुपर्ने रु.

| क्र.स | योजनाको नाम | भुक्तानी रकम | सडक वोर्डबाटभुक्तानी | पालिकाबाटभुक्तानी | पालिकाबाट अपुगसाझेदारी |
|---|---|---|---|---|---|
| 1 | मूल सडक हुदै राम मन्दिर बाल मन्दिर जोड्ने सडक | २१७१६७४ | १७०४९८४ | ४६६६९० | १८४८१२ |
| 2 | मूल सडक देखि नेश्नल स्कूलसम्मको सडक | १९१५४५३ | १७०३८३७ | २११६१६ | ३६३०२० |
| ३ | मूलसडक देखि ब्रह्मबाबा सम्मको सडक | २१२७७२७ | १७०४७५५ | ४२२९७२ | २१५३४६ |
| ४ | बरगाछीदेखि बेलपाती क्लबसम्मको सडक | २१७१६७५ | १७०४९८५ | ४६६६९० | १८४८१३ |
| | | | | | ९४७९९१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,४७,९९१ |

२४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ३५३२१८२१ भुक्तानी दिएको पाईयो ।

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **कार्यालय ब्यवस्थापन खर्च :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ४ संग सम्बन्धित अनुसूची १ (क) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा जम्मा लागत अनुमानमा ४ प्रतिशत कार्यालय ब्यवस्थापन खर्च जोडी कुल लागत अनुमान तयार गर्न सकिने ब्यवस्था गरेको छ। उपमहानगरपालिकाले यस आ.व. २०८०/८१ मा तराइ डेभलप्मेण्ट फाउण्डेशन नेपालबाट परामर्श सेवा लिई जनप्रतिनिधी तथा कर्मचारी क्षमता विकास कार्यक्रमको जम्मा लागत रु.१६१०२८ को लागत अनुमान गर्दा ४ प्रतिशतले हुन आउने रकम रु. ६४४१ जोडी कुल लागत अनुमान तयार गर्नुपर्नेमा एकमुष्ट रु. १४८२२ राखी तयार गरेकाले कार्यालय ब्यवस्थापन खर्च बापत रु. ८३८१ बढी भुक्तानी भएको देखियो।नियमावलीमा उल्लेख गरिएको भन्दा बढी कार्यालय ब्यवस्थापन खर्च भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| **भौ. नं./मिति** | **भुक्तानी पाउने** | **कार्यक्रम** | **लागत अनुमान** | **नर्म्स** | **भुक्तानीहुनुपर्ने** | **भुक्तानी भएको** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| १५७९-२०८१/०१/१२ | तराइ डेभलप्मेन्ट फाउण्डेशन नेपाल ६०६७०९७८६ | जन प्रतिनिधी तथा कर्मचारी क्षमता विकास | १६१०२८ | कार्यालय ब्यवस्थापन खर्च४% | ६,४४१ | १४,८२२ | ८,३८१ |

| असुल गर्नुपर्ने | ८,३८१ |
|---|---|

२६ **टावर लाईटः**

सार्वजनिक खरिद नियमावली,२०६४ को ३(क) मा सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले यस वर्ष सड्क बत्ती र पोल तार(ईलेक्ट्रिफिकेशन) झुण्डयाउने कार्य खुल्ला बोलपत्रबाट गराएको छ ।पालिकाले नगरभरी विभिन्न ४ वटा टावर लाईट जडान गर्ने कार्य बोलपत्रमा समावेश नगरी छुट्टै लागत अनुमान तयार गरी कोटेशनबाट खरिद गरेको देखिन्छ । पालिकाले यस कार्यका लागि रु.७८८६१५.५४ को लागत अनुमान तयार गरी उर्जा घर प्रा.ली.बाट कोटेशन बिधिबाट कबोल अंक रु.७७२५४१.९८ (२.३०%Below) खरिद गर्ने सम्झौता गरेको देखिन्छ । खुल्ला बोलपत्र मार्फत खरिद गर्दा १८.९६% Below मा कार्य भएको र कोटेशनबाट खरिद गर्दा २.३०% मात्र Below खरिद भएको देखिन्छ। पालिकाले उपरोक्त कार्य कोटेशनबाट गरी जम्मा रु.७०६५७०.७५ भुक्तानी गरेको छ । यसरी पालिकाले प्याकेजमा खरिद गरेको खण्डमा खरिदमा प्रतिस्पर्धा कायम भई मितव्ययीता कायम हुन सक्ने हुँदा कोटेशनबाट सोझै खरिद गर्दा उपरोक्त खरिद मितव्ययी रहेकोमा आस्वस्त हुन सकिएन ।

२७ **छठीया पोखरी सौन्दर्यकरणः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) मा बिल बिजकको भुक्तानीमा रिटेन्सन मनी ५% कट्टा गर्ने प्रावधान रहेको छ । पालिकाले छठीया पोखरी सौन्दर्यकरण कार्यका लागि रु.९९६६९९.७७ को लागत अनुमान तयार गरी कोटेशन बिधिबाट घण्टीमाई कन्स्ट्रक्सन कलैयाबाट मर्मतको काम गराएको देखिन्छ । पालिकाले गो.भौ.नं.२/०८०-२-३२ र ६९७/०८०-२-३२ बाट निर्माण व्यवसायीको अन्तिम बिल रु.९०७८५९.०१ भुक्तानी गर्दा नियमानुसार ५% धरौटी रु.३९६४४.५० कट्टा गर्नुपर्नेमा रु.११८९३.३५ मात्र कट्टा भएको देखिन्छ । तसर्थ कम कट्टा भएको रकम रु.२७७५१.१५ सो निर्माण व्यवसायीवाट असुल गरी धरौटीमा दाखिला हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २७,७५१.१५ |
|---|---|

२८ **वृक्षारोपणः (KSMC/NCB/Works-05-080/81)**

पालिकाले नगरक्षेत्रभर वृक्षारोपण कार्यका लागि रु.१३४९८५७९.२४ को लागत अनुमान तयार गरी बोलपत्रवाट सुनिल फलफुल नर्सरी को कबोल अंक रु.१०१३००५४.५० स्विकृत गरी मिति २०८०-१०-२२ मा सम्झौता भएकोमा यस वर्ष भुक्तानी भएको देखिएन । स्रेस्ता परिक्षण गर्दा देहायका व्यहोरा देखिएको छः

२८.१ लागत अनुमानः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा निर्माण सामाग्रीको दरभाउ, मेशीन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा र समितिले नतोकेको अवस्थामा सरकारी कार्यालय,संस्थान, प्राधिकरण वा उद्योग वाणिज्य संघले दिएको दरभाउको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। वृक्षारोपणका लागि आवश्यक विरुवा डिभिजन बन कार्यालय(सर्लाही) को नागरिक वडा पत्रको बुंदा नं. ७ र ८ मा बन कार्यालयले निःशुल्करुपमा बिरुवा उपलब्ध गराउने उल्लेख छ । पालिकाले सड्क किनार लगायतको स्थानमा २९४३ वटा विरुवा(बिरुवाको जात उल्लेख नरहेको) रोप्ने इस्टिमेट गरी प्रतिबिरुवा रु.४७८.२ (भ्याट समेत) को दरले जम्मा रु.१४०७३८९.६९ को बिरुवा को मुल्य लागत अनुमानमा समावेश गरेको छ । यसरी पालिकाले निःशुल्क रुपमा प्राप्त हुने बिरुवाको समेत मुल्य राखी लागत अनुमान तयार गरेको कार्यले पालिकाको आर्थिक व्ययभार बढेको देखिन्छ ।

| कामको विवरण | परिमाण | दर | लागत मुल्य |
|---|---|---|---|
| MS Iron Tee Guard | २९४३ Nos | २४०६.८७ | ७०८३४१०.२१ |
| Plants/trees | २९४३ Nos | ४२३.३० | १२४५४७७.६० |
| Transportation of Trees Guard | २९४३ Nos | १६० | ४७०८८० |
| Paints of Trees guards | २९४३ Nos | १६० | ४७०८८० |
| Maintaning the trees for 2 years | २९२० per/day | 862.50 | २५१८५०० |
| भ्याट रकम | | | १५२३५८९.२१ |
| जम्मा लागत अनुमान | | | १३३२१७३७.०२ |

२८.२ टि-गार्डको नम्सः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा निर्माण सामाग्रीको दरभाउ, मेशीन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा र समितिले नतोकेको अवस्थामा सरकारी कार्यालय,संस्थान, प्राधिकरण वा उद्योग वाणिज्य संघले दिएको दरभाउको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। पालिकाले बिरुवा संरक्षणका लागि २९४३ वटा टि-गार्डको प्रती थान रु.२४०६.८७ (भ्याट वाहेक) दररेट निर्धारण गरी जम्मा रु.७०८३४१०.२१ को लागत अनुमान कायम गरेको छ । रेट एनलाईसिसअनुसार एक टि-गार्डको तौल १०.१७ के.जी रहेको छ । ईस्टिमेट मा ४.९३ किलोग्राम परिमाण रहेको 4” width M.S.Jali को ईस्टिमेट गर्दा प्रति के.जी. २०७ (भ्याट वाहेक) रेटले लागतअनुमान तयार गरीएको छ । यसरी उपरोक्त Items को मुल्य जिल्ला दररेटले निर्धारण समेत नगरेको र बजारभाउ समेतको आधार नलिएको देखिएकोले यस्तो रेट एनलाईसिस यथार्थ हो भनी यकिन गर्न सकिएन ।

२८.३ **ढुवानीको ईस्टिमेटः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा निर्माण सामाग्रीको दरभाउ, मेशीन तथा उपकरणको भाडा, ढुवानी वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा र समितिले नतोकेको अवस्थामा सरकारी कार्यालय,संस्थान, प्राधिकरण वा उद्योग वाणिज्य संघले दिएको दरभाउको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। सड्क विभागको स्विकृत नम्समा विरुवाको ढुवानी गरी साईटसम्म ल्याउने, माटो खन्ने, रोप्ने, घेराबारा लगाउने र १ वर्ष सम्म गोडमेल गरी विरुवा हुर्काउने कार्यका लागी प्रती विरुबा रु.१६९६।- दर निर्धारण गरेको छ । पालिकाले विरुवा ढुवानी र रेखदेखकार्यको छुट्टा छुट्टै लागत अनुमान निर्धारण गरेको छ । अतः पालिकाले स्विकृत नम्सको अधिनमा रही लागत अनुमानलाई मितव्ययी बनाउनु पर्दछ ।

२८.४ **बिरुवाको रेखदेखः** उपमहानगरपालिकाले २ वर्षसम्म बिरुवाको रेखदेख कार्यमा जम्मा रु.२५१८५०० ईस्टिमेट र २९४३ वटा बिरुवाको मुल्य जम्मा रु.१२४५४७७.६० ईष्टिमेट गरेको देखिन्छ । नगर भरि बिरुवा रोप्ने कार्यमा बिरुवाको रेखदेख पानी हाल्ने कार्यमा पालिकामा उपलब्ध रहेको पानी हाल्ने ट्याक्टर ट्रलीको प्रयोग गरेर मितव्ययीता कायम गर्नु पर्नेमा बिरुवाको मुल्य भन्दा २००% वढी मुल्य ईस्टिमेट गरी खरिद कार्य गरेको देखिन्छ । लेखापरिक्षणको क्रममा पालिकाका प्राविधिक कर्मचारीसहित निरिक्षण गर्दा रोपिएका विरुबामा पानी नहाल्दा विरुवा मर्ने अवस्थामा रहेको देखियो । पालिकाले २ वर्ष सम्मका रेखदेख बापतको रकम समेत BOQ मा समावेश गरेकोले विरुबाको यस्तो अवस्था प्रति सम्बन्धित फर्मलाई जिम्मेबार बनाउनु पर्दछ ।

२८.५ ठेक्कापट्टाको अनुमतिपत्र नभएको फर्मसँग खरिद सम्झौताः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० मा बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधार र कागजात फर्म,संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र,व्यवसाय दर्ताको ईजाजतपत्र पेश गर्नुपर्ने उल्लेख छ । उपमहानगरपालिकाले मिति २०८०/१०/२२ मा लागत अनुमानभन्दा २३.९६% Below कबोल गरेको सुनिल फलफुल नर्सरी

रौतहटसँग भ्याट सहित रु.१०१३००५४.५० को खरिद सम्झौता गरेको देखिन्छ । उपरोक्त फर्मको प्यान दर्ताप्रमाणपत्र र कृषि बिभागबाट जारी भएको व्यवसाय दर्ता प्रमाण पत्रमा फलफुलका बिरुवा उत्पादन तथा विक्री वितरण गर्ने कारोबारको उद्वेश्य रहेको छ । उपरोक्त फर्मले ठेक्कापट्टा गर्नका लागि अनुमती पत्र प्राप्त गरेको देखिएन । यस सम्बन्धमा प्रस्ताब पेश गर्ने एक प्रस्ताबदाताले समेत उजुरी गरेको देखिन्छ । यस्तो अवस्थामा समेत कारोबारको उद्वेश्य नमिलेको र ठेक्कापट्टा गर्ने अनुमती नरहेको फर्मसँग गरेको खरिद सम्झौता नियमसम्मत देखिएन ।

२८.६ **लागत अनुमान स्विकृतीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४ अनुसार १ करोड देखी ५ करोड रुपैया सम्मको लागत अनुमान राजपत्राङ्कित द्धितिय श्रेणीको कार्यालय प्रमुख वा प्रशासकीय प्रमुखबाट स्विकृती गर्नुपर्ने उल्लेख छ। पालिकाले वृक्षारोपणका लागि रु.१३४९८५७४.२४ को लागत अनुमान तयार गरेकोमा सो लागत अनुमान स्विकृत नगरी खरिद प्रकृया अपनाएको देखिन्छ । लागत अनुमान प्राविधीक प्रमुखबाट प्रमाणित रहेको देखीन्छ । पालिकाको प्रशासकिय प्रमुखबाट लागत अनुमान स्विकृती नभएकोले यस्तो लागत अनुमान नियम सम्मत मान्न सकिएन ।

| | |
|---|---|
| अनियमित भएको | १,३४,९८,५७४.२४ |

२९ **हेल्थपोष्ट भवन निर्माण वडा नं.३(KSMC/NVB/Works-09-078/79)**

पालिकाले हेल्थपोष्ट भवन निर्माण कार्यका लागि सुमन निर्माण सेवासँग कबोल अंक रु.२९११०५६.७९ (भ्याट समेत) मा निर्माण कार्य सम्पन्न गर्ने मिति २०७८/१२/२३ मा सम्झौता गरेको स्रेस्ता परिक्षण गर्दा देहायका व्यहोरा देखिएको छः

२९.१ सार्वजनिक बाटोमा भवन निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गरी निर्माण प्रकृया प्रारम्भ गर्नुपर्ने व्यवस्था छ । हेल्थपोष्ट भवन निर्माणका लागि उपमहानगरपालिकाको अमिनद्धारा जग्गा नापजाँच गराउँदा अमिनबाट मिति २०८०/२/४ मा ११२ फुटको चौडाई भएको सार्वजनिक बाटो जग्गामा भवनको जगको काम भैरहेकोले सो भवन सार्वजनिक बाटोमा परेको प्रतिबेदन दिएको छ । पालिकाले यस्तो प्रतिबेदन प्राप्त भईसक्दा पनि कार्यपालिका र वडाबाट निर्णय गरी निर्माण कार्य जारी राखेको देखिन्छ । यसरी सार्वजनिक स्रोतको उपयोग गरी सार्वजनिक जग्गा बाटोमा भवन बनाउदाँ यस्तो लगानीको दिगोपन नहुने र भविष्यमा यस्तो भवन भत्काउनु पर्ने जोखिम रहन्छ । यस सम्बन्धमा सम्बन्धित निकायबाट छानबिन भई पालिकाको लगानी सुरक्षीत गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२९.२ **अग्रिम पेश्की बैंक जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा खरिद सम्झौतामा व्यवस्था भए बमोजिमको पेश्की दिन सकिने र पेश्की रकम बराबरको बैंक जमानत पेश्की फछ्यौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने उल्लेख छ ।पालिकाले उपरोक्त कार्यका लागि मिति २०७८/१२/२३ मा सम्झौता गरेको र सोको कार्य सम्पन्न गर्नु पर्ने अबधि २०८१ फागुन २९(अन्तिम पटकको म्याद थप) तोकेको देखिन्छ । साथै पालिकाले पेश गरेको विवरण अनुसार निर्माण व्यवसायी सुमन निर्माण सेवाको नाममा रु.१२८८०७.८२ मोबिलाईजेशन पेश्की बाँकी रहेकोमा सोको बैंक जमानत निर्माण व्यवसायीबाट लिएको देखिएन । तसर्थ नियमानुसार पेश्कीको बैक जमानत पेश गर्नु पर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२८,८०७.८२ |

३० **सड्क बत्ती खरिदः**

उपमहानगरपालिकाले यस वर्ष जम्मा रु.८५३१५६७.३६ को सड्क बत्ती खरिद गरेको देखिन्छ । पालिकाले आन्तरिक स्रोत(३१५११) बाट १ करोड र नेपाल सरकार स्रोत(३११२२) बाट १५ लाख गरी जम्मा रु.१ करोड १५ लाख बजेट विनियोजन गरेको छ । पालिकाले यस वर्ष रु.१०४९९७९६.७८ को लागत अनुमान भएको सडक बत्ती बोलपत्र जारी गरी धाराबिजुली सर्भिसेज प्रा.ली. सँग कबोल अंक जम्मा रु.७४३३६२५.९० (२८.२६% Below) मा खरिद गर्ने सम्झौता गरेको छ । सडक बत्ती खरिदमा देखिएको व्यहोरा देहाय वमोजिम छनः

३०.१ **कार्यपालिकाको निर्णयः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३क मा सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले मिति २०८०/४/५ मा निर्णय नं.०१-०८०/८१ बाट विनियोजित बजेट १ करोड १५ लाख मध्ये रु.१० लाखको सडक बत्ती कोटेशन प्रकृयाबाट खरिद गर्ने र बाँकी १ करोड ५ लाखको खुल्ला बोलपत्रबाट खरिद गर्ने निर्णय गरेको छ । यस वर्ष पालिकाले ठेक्का नं.KSMC/NCB/Works-04-080/81 बाट जम्मा रु.७१६७७९५.७६ को खरिद गरी भुक्तानी गरेको छ । साथै पालिकाले यस वर्ष विभिन्न ११ वटा फर्मबाट कोटेशन माग गरी जम्मा रु.१३६३७७१.६० को सड्क बत्ती सोझै खरिद गरेको छ । कार्यपालिकाबाट भएको निर्णयअनुसार खरिद कार्यलाई टुक्रयाउँदा मितव्ययी भएको अवस्था देखिएन । तसर्थ पालिकाले नियमानुसार सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा र मितव्ययीता कायम गर्न प्याकेजमा खरिद गर्नु पर्ने वा टुक्रयाउनु पर्ने देखिन्छ ।

३०.२ लागत अनुमानको आधार : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले खरिद गर्ने मालसामानको लागत अनुमान तयार गर्दा चालु वा विगतका वर्षमा सम्बन्धित निकाय वा अन्य निकायले खरिद गरेको वास्तविक लागत, स्थानिय बजारमा वा अन्य बजारमा प्रचलित दरभाउ, जिल्ला दररेट वा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधार लिनु पर्ने उल्लेख छ। पालिकाले सड्क बत्ती खरिदका लागि रु.१०४९९७९६.७८(भ्याट समेत) लागत अनुमान तयार गरेको छ । पालिकाले लागत अनुमान तयार गर्दा जिल्ला दररेटमा नभएको सामानको दररेटका लागि बजारबाट कोटेशन माग गरी १२ वटा आईटमको लागत निर्धारण गरेको छ ।यसरी लागत निर्धारण गर्दा पालिकाले गत आ.व.मा खरिद गरेको दररेट, अन्य सार्वजनिक निकायले खरिद गरेको दररेटको आधार लिएको समेत देखिएन । पालिकाले २ टनको एयरकन्डिसनर को दररेट प्रतिथान रु.५३४०० ले ४ थान र 5 KVA Wall Mount Stablizer को दररेट प्रतिथान रु.१५००० ले ४ थान को जम्मा रु.३०९१६८ (भ्याट समेत) लागत अनुमान निर्धारण गरेको छ । उपरोक्त सामानको लागत अनुमानका लागि पालिकाले चालु वा विगतका वर्षमा सम्बन्धित निकाय वा अन्य निकायले खरिद गरेको वास्तविक लागत, स्थानिय बजारमा वा अन्य बजारमा प्रचलित दरभाउ, जिल्ला दररेट वा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधार लिएको देखिएन । तसर्थ यस्तो सामानको लागत अनुमान वास्तविक हो भनी यकिन गर्न सकिएन ।

३०.३ ठेक्का दररेट भन्दा बढीमा कोटेशनबाट खरिद गरेकोः सार्वजनिक खरिद नियमावली,२०६४ को ३(क) मा सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले सडक बत्तीमा विनियोजित जम्मा रु.१ करोड १५ लाख मध्ये ठे.नं.KSMC/NCB/Works-04-080/81 बाट जम्मा रु.७४३३६२५.९० को सम्झौता गरी कार्य गराएको देखिन्छ । यस वर्ष पालिकाले सम्झौता बमोजिम खरिद कार्य सम्पन्न गरी जम्मा रु.७१६७७९५.७६ भुक्तानी गरेको छ ।यसरी विनियोजित बजेटमा बाँकी रहेको रकमबाट पालिकाले सोझै तथा कोटेशन मार्फत यस वर्ष जम्मा रु.१३६३७७१.६० को खरिद गरेको छ ।यसरी पालिकाको वार्षिक बजेट तथा कार्यक्रम(२०८०/८१) मा तोकिएको योजना सम्पन्न भैसकेर योजनाको भौतिक प्रगति समेत १००% भैसक्दा समेत थप कोटेशनबाट खरिद गरेको कार्यको औचित्य पुष्टि हुन सकेन । यसरी पालिकाले एउटै प्रकृतिको कार्य प्याकेजमा खुल्ला बोलपत्रबाट खरिद नगरी कोटेशनबाट खरिद गर्दा बोलपत्रबाट खरिद गरेको दररेट भन्दा बढीमा देहायअनुसारका सामान खरिद गरेको देखिन्छ । यसरी खुल्ला बोलपत्रको खरिद दरभन्दा बढीमा खरीद गरेकोले पालिकालाई व्ययभार परेको देखिन्छ ।

| गो.भौ.नं./सप्लार्यस | सामानको नाम | ठेक्का दररेट | कोटेशनबाट खरिद गरेको दररेट | बढीमा खरिद | परिमाण | जम्मा |
|---|---|---|---|---|---|---|
| ४८८/०८०-११-२९ | LED Bulb 18 Watts | २१० | ३२६.५ | ११६.५ | २६८० | ३१२२२० |
| अमिता सप्लार्यस | | (20Watts को दररेट) | | | | |

३१ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(ख) मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजकको भुक्तानी गर्ने उल्लेख छ । उपमहानगरपालिकाले रामजानकी मन्दिर पार्क योजना तथा

सौन्दर्यकरण कार्यका लागि भगवान निर्माण सेवाको कबोल अंक रु.१००९६१०६.२८ मा निर्माण कार्य गर्ने मिति २०८०/७/१ मा सम्झौता भएको छ । पालिकाले मिति २०८१/१/२१ मा पहिलो रनिङ बिलको नापी तथा मुल्यांकन गरी रु.२५२८७९३.४३ भुक्तानी गरेको छ। लेखापरिक्षण क्रममा २०८१।८।१४ मा पालिकाको प्राविधिक कर्मचारी, साईट ईन्चार्ज सहित सो योजनाको स्थलगत निरिक्षणमा नापजाँच गर्दा देहाय अनुसारको काममा वास्तविक नापी भन्दा बढी परिमाणको भुक्तानी भएकोले यस्तो बढी भुक्तानी निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु.

| कार्य विवरण | नापी किताबमा चढाएको परिमाण | अनुगमनमा देखिएको वास्तविक नापी | बढी परिमाण | दररेट | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| M 20 | २२.५९ घ.मी. | १७.७३ घ.मी. | ४.८६ घ.मी. | १०२०० | ४९५७२ |
| पनिङ्ग | १६३.०८ बर्ग मी. | १५३.९२ वर्ग मी. | ९.१६ बर्ग मी. | ३०० | २६४८ |
| | | | | | ५२२२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,२२० |

३२ **सडक गुरु योजना**

उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण, स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ।यसको लागि पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम सडक निर्माण, स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरुयोजना तयार गरी सोही वमोजिम कार्य हुनुपर्नेमा कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो।तसर्थ आफ्नो क्षेत्र भित्रका सडकहरुको अभिलेख अद्यावधिक तथा वर्गीकरण गरी स्रेस्ता अद्यावधिक गर्नु पर्दछ।

३३ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुने गर्दछ । तर उपमहानगरपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३४ **कार्य स्वीकार प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा निर्माण भएको कार्यको हकमा कम्तीमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था भएमा कार्य स्वीकार गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ ।उपमहानगरपालिकाले यस वर्ष देहायका योजनामा न्युनतम ९०% भौतिक प्रगति नहुँदै कार्य स्विकार प्रतिबेदन जारी गरेको छ । साथै आयोजनाको उद्वेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा संचालनमा आएको अवस्था समेत खुलाईएको देखिएन । यसरी नियमावली अनुसार निर्धारित न्युनतम भौतिक प्रगति नहुँदै कार्य स्वीकार प्रतिवेदन जारी गर्नु नियम सम्मत देखिएन ।

| योजनाको नाम | सम्झौता अंक ( भ्याट समेत ) | अन्तिम बिलसम्मको मुल्यांकन अंक | कार्य प्रगति प्रतिशत | कार्य स्विकार जारी मिति |
|---|---|---|---|---|
| वडा नं .७ मा छठीया पोखरी पार्क निर्माण फेज ३ | ८०६३४६६.२२ | ६४५१७०२.०५ | ८०.०१ | ०८१-३-१४ |
| वडा नं .१८ मोतिसर बिद्यालय भवन निर्माण | १६१७८५४५.२३ | १३९३३८३७.९१ | ८६।१२ | ०८१-२-१७ |
| टावर लाईट जडान<br>( सि . नं .१ देखी ४ सम्म सिभिलको कार्यमा शुन्य प्रगति ) | ७७२५४१.९८ | ७०६५७०.७५ | ८९.६ | ०८१-२-७ |
| जम्मा | २५०१४५५३.४३ | २१०९२११०.७१ | | |

| | |
|---|---|
| अनियमित भएको | २,१०,९२,११०.७१ |

३५ **पुर्व निर्धारित क्षतिपुर्तिः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम निर्माण व्यवसायीले सम्झौता अवधिमा खरिद सम्झौता बमोजिमका काम सम्पन्न हुन नसकेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ।पालिकाले वडा नं.१८ मोतिसर बिद्यालय भवन निर्माण कार्यका लागि नेरिसा कन्स्ट्रक्सन कम्पनीसँग रु.१४३३३९७८.२८ मा निर्माण कार्य सम्पन्न गर्न सम्झौताको अवधी अन्तिम पटक थप गरी म्याद २०८० चैत्र मसान्तसम्म कायम गरेकोमा उक्त अवधीसम्म पनि कार्य सम्पन्न गरेको देखिएन । प्राविधिकबाट अन्तिम बिल तयार गर्दा नापी किताबमा मिति उल्लेख नगरी ठेक्का बिलको मिति २०८१-२-१७ उल्लेख गरीएको छ ।यस्तो अवस्थामा नियमानुसार क्षतिपुर्ती लाग्ने देखिन्छ । तसर्थ पालिकाले निर्माण व्यवसायीबाट कार्य सम्पन्न भएको वास्तविक मिति यकिन गरी नियमानुसार लाग्ने क्षतिपुर्ती असुल गर्नु पर्दछ ।

३६ **बैक जमानत**

सावजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना वढी अवधिको हुनु पर्ने व्यवस्था छ ।पालिकाले ठेक्का नं. KSMC/NCB/Works-05-/078/79 मा त्रृटि सच्याउने अबधि २०८२ पौष मसान्तसम्मको बैंक जमानत रु.१०२०५०० निर्माण व्यवसायीबाट लिईएको नदेखिएकोले त्रुटि सच्याउने अवधि सम्मको बैक जमानत पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२०,५०० |

३७ **करारका कर्मचारी शाखा प्रमुखः**

निजामती सेवा नियमावली,२०५० को नियम ४६(१) मा कार्यालय प्रमुखको अधिकार प्रयोग गर्ने सम्बन्धमा कुनै कार्यालयको प्रमुख बिरामी भई वा अन्य कुनै कारणले छोटो अवधिको लागि अनुपस्थित भएमा निज मातहतको दरवन्दी वा विशेष दरवन्दीभित्रको वा रिक्त दरवन्दीमा काजमा खटिएको कर्मचारीमध्ये निकटतम ज्येष्ठ निजामती कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४ मा लागत अनुमान स्वीकृत गर्ने र नियम ६७ मा बोलपत्र स्विकृत गर्ने अधिकार प्रशासकीय प्रमुखको हुने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सँचालन ऐन,२०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारसम्बन्धमा सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धि कार्य गर्ने अधिकार रहेको उल्लेख छ । कानुनमा प्रमुख प्रशासकीय अधिकृतको यस्तो महत्वपुर्ण अधिकार करारका कर्मचारीलाई वर्षभरी अधिकार प्रत्यायोजन गर्न सकिने प्रावधान रहेको देखिएन । उपमहानगरपालिकाको दरबन्दी तथा पदपुर्ती विवरण अनुसार रा.प.तृतीय श्रेणी ईन्जिनियरको दरबन्दी ६ रहेकोमा २ पद स्थायी पुर्ति रहेको छ । स्थायी रा.प.तृतीय ईन्जिनियर २ जना उपलव्ध हुँदा हुँदै छैठौ तहको करारको कर्मचारीलाई प्राविधिक प्रमुखको जिम्मेबारी दिएको देखिन्छ । उपरोक्त करारका प्राविधिक प्रमुखबाट योजना, कार्यक्रम सञ्चालन, लागत अनुमान स्वीकृती, बोलपत्र स्वीकृती लगायतको कार्य गरेको देखियो । साथै मिति २०८०/७/२३ मा खरिद कानुनले प्रशासकिय प्रमुखलाई दिएको कार्य जिम्मेबारी योजनाको लागत अनुमान स्विकृती, मुल्यांकन स्विकृती, कार्य स्विकार तथा कार्यसम्पन्न प्रतिबेदन स्विकृती गर्ने

अधिकार वर्ष भरी करारका प्राविधीक कर्मचारीलाई प्रत्यायोजित गरेको समेत देखियो । यसरी खरिद कानुनले प्रशासकिय प्रमुखलाई दिएको मुख्य जिम्मेबारी छैठौ तहको करारका कर्मचारीलाई वर्षभरी नै अधिकार प्रत्यायोजन गर्न सकिने कुनै कानुनी व्यवस्था नरहेकोमा वर्ष भरी प्रशासकीय प्रमुखको मुख्य कानुनी जिम्मेबारी अधिकार प्रत्यायोजन गर्नु कानुन सम्मत देखिएन। साथै स्थायी रा.प.तृतीय श्रेणीको प्राविधिक कर्मचारी हुँदाहुंदै छैठौ तहका करारको कर्मचारीलाई प्राविधिक प्रमुखको जिम्मेवारी दिनु समेत नियम सम्मत मान्न सकिएन ।

३८ **ठेक्का नं. KSMC/NCB/Works-07--080/81 Electrification Workः**

पालिकाले नगर क्षेत्र र कृषिका लागि विद्युतीकरण कार्यमा रु.२७७८६५१०.६४ (भ्याट बाहेक) को लागत अनुमान तयार गरेको छ । पालिकाले बोलपत्र जारी गरी न्युनतम कबोल गर्ने निर्माण व्यवसायी एस.के.निर्माण सेवा र रोकाया निर्माण सेवा जे.भी. सँग रु.२२५२७५१५.०८ (भ्याट बाहेक) मा कार्यसम्पन्न गर्न मिति २०८१/१/२१ मा सम्झौता गरेको छ। उपरोक्त खरिद स्रेस्ता परिक्षण गर्दा देहायका व्यहोरा देखिएको छः

३८.१ **लागत अनुमान स्विकृतीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४ अनुसार १ करोड देखी ५ करोड रुपैया सम्मको लागत अनुमान राजपत्राङ्कित द्धितिय श्रेणीको कार्यालय प्रमुखबाट वा प्रशासकीय प्रमुखबाट स्विकृती गर्नुपर्ने उल्लेख छ। पालिकाले प्राविधिक शाखाको छैठौ तहका करार कर्मचारीबाट उपरोक्त निर्माण कार्यका लागि रु.३१७५७५५४.६९ को लागत अनुमान स्विकृती गरी खरिद कार्य गरेकोले यस्तो लागत अनुमान नियम सम्मत मान्न सकिन ।

| | |
|---|---|
| अनियमित भएको | ३,१७,५७,५५४.६९ |

३८.२ पालिकाले लागत अनुमान तयार गर्दा LS Items मा Hoarding Board, Shut Down Charge, Pole Labeling, Built Indrawing, Lab Test मा एकमुष्ट रु.२३५००० छुट्टयाएको देखिन्छ । उपरोक्त Items को लागत अनुमानको नम्स, दररेट को आधार लिईएको देखिएन । यसरी लागत अनुमानको आधार, नम्स बेगर अस्वभाविक रुपले एकमुष्ट रकम अनुमान गरी लागत अनुमान गरेको यथार्थ हो भनी यकिन गर्ने आधार देखिएन ।

३८.३ **प्राविधिक प्रस्तावको मुल्यांकनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७८(३) मा उतिर्णाङ्क प्राप्त नगर्ने प्रस्तावदातालाई निजको प्राविधिक प्रस्ताव छनौट हुन नसकेको कारण खुलेको सुचना सहित निजको आर्थिक प्रस्ताब फिर्ता दिनु पर्ने उल्लेख छ । पालिकाले 22 Feb,2024 मा खोलिएको प्राविधिक प्रस्तावको मुल्यांकन गरी २ वटा फर्मको Annual Average Turnover Criteria मा फेल भएको मुल्नियांकन निर्णय गरी २०८१-१-७ मा बाँकी ४ वटा प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताब खोल्ने सार्वजनिक सुचना जारी गरेको र प्राविधिक प्रस्ताव मुल्यांकनमा फेल हुने प्रस्तावदातालाई फेल भएको कारण सहितको सुचना जानकारी गराएको देखिएन । यसरी नियमावलीको नियम ७८(३) बमोजिन कारण सहितको जानकारी सुचना जारी गरी कानुनको पालनामा ध्यान दिनु पर्ने देखिन्छ ।

३८.४ **ठेक्का दररेट भन्दा बढीमा कोटेशनबाट खरिद गरेकोः** सार्वजनिक खरिद नियमावली,२०६४ को ३(क) मा सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा कायम गर्न प्याकेजमा खरिद गर्न सकिने वा टुक्रयाउन सकिने उल्लेख छ । पालिकाले कृषि तथा नगर विद्युतीकरण (पोल,तार गाड्ने,तान्ने) कार्यका लागि ठे.नं.KSMC/NCB/Works-07--080/81 को सम्झौता रकम रु.२५४०४०९२.०४ बाट खरिद गरी यस वर्ष जम्मा रु.८३९३८२६.६८ भुक्तानी गरेको छ ।पालिकाले नापजाँच गरी रु.१४९७९३१०.२४ पहिलो रनिङ्ग बिल जारी गरेता पनि यस वर्ष आंशिक मात्र भुक्तानी गरेको छ । पालिकाले खुल्ला बोलपत्रबाट खरिद गरी निर्माण व्यवसायीले गरेको कार्यको पुरा भुक्तानी नगरी बाँकी रकमबाट सोझै खरिद गरेको देखिन्छ । पालिकाले विभिन्न फर्मसँग कोटेशन माग गरी समेत यस वर्ष जम्मा रु.३२८९६१९.२६ को सोही कार्य गराएको देखिन्छ । यसरी पालिकाले एउटै प्रकृतिको कार्य प्याकेजमा खुल्ला बोलपत्रबाट खरिद नगरी कोटेशनबाट खरिद गर्दा बोलपत्रबाट खरिद गरेको दररेट भन्दा बढीमा देहाय अनुसारका सामान खरिद गरेको देखिन्छ । यसरी खुल्ला बोलपत्रको खरिद दरभन्दा बढीमा खरीद गरेकोले पालिकालाई बढी व्ययभार परेको देखिन्छ । तसर्थ एउटै प्रकृतीको कार्य प्याकेजमा प्रतिस्पर्धी तवरले खरिद गरी मितव्ययीता कायम गर्नु पर्ने देखिन्छ ।

| गो . भौ . नं ./ सप्लार्यस | सामानको नाम | ठेक्का दररेट | कोटेशनबाट खरिद गरेको दररेट | बढीमा खरिद | परिमाण | जम्मा |
|---|---|---|---|---|---|---|
| ८१/०८०-६-७ | ९ mtrs PSC Pole | ८५०० | १२००० | ३५०० | १३ | ४५५०० |
| | Stay Set | १००० | १७०० | ७०० | ३ | २१०० |
| | Erection of ८ and ९ M PSC Pole | २०२४.६८ | ३७०० | १६७५.३२ | १३ | २१७७९.१६ |
| | Stringing of 0.0 ५ sq inch ACSR(HT, २ Wire) | १५००० | २९००० | १४००० | ०.४२ | ५८८० |
| | Stringing work for ५० sq mm ४ core abc cable | ३०००० | ४३००० | १३००० | ०.०४ | ५२० |
| | Stay Set Installation | १३०० | १९०० | ६०० | ३ | १८०० |
| १३/०८०-५-१ | ९ mtrs PSC Pole | ८५०० | ११९७५ | ३४७५ | १६ | ५५६०० |
| | Stay Set | १००० | १६२५ | ६२५ | ५ | ३१२५ |
| | Erection of ८ and ९ M PSC Pole | २०२४.६८ | ३७०० | १६७५.३२ | १६ | २६८०५.१२ |
| | Stringing of 0.05 sq inch ACSR(HT, 2 Wire) | १५००० | २९००० | १४००० | ०.७२ | १००८० |
| | Stay Set Installation | १३०० | १६३० | ३३० | ५ | १६५० |
| ९/०८०-५-१ गणिनाथ कन्स्ट्रक्सन | ९ mtrs PSC Pole | ८५०० | १२००० | ३५०० | २८ | ९८००० |
| | Stay Set | १००० | १६५० | ६५० | ६ | ३९०० |
| | Erection of ८ and ९ M PSC Pole | २०२४.६८ | ३६२४ | १६००.३२ | २८ | ४४८०८.९६ |
| | Stringing of 0.05 sq inch ACSR(HT, 2 Wire) | १५००० | ५८२०० | ४३२०० | १.०५ | ४५३६० |
| | Stay Set Installation | १३०० | १८५० | ५५० | ६ | ३३०० |
| ४२४/०८०-११-३ | 9 mtrs PSC Pole | ८५०० | १२००० | ३५०० | ३ | १०५०० |
| | Erection of 10 and 11 M PSC Pole | २५०० | ४५०० | २००० | २ | ४००० |
| | 11 mtrs PSC Pole | १५००० | १८२०० | ३२०० | २ | ६४०० |
| | Erection of 8 and 9 M PSC Pole | २०२४.६८ | ३५०० | १४७५.३२ | ३ | ४४२५.९६ |
| | Stringing of 0.05 sq inch ACSR(HT, 3 Wire) | ३०००० | ६५००० | ३५००० | ०.०८ | २८०० |
| | Stringing of 0.05 sq inch ACSR(LT, 4 Wire) | ३०००० | ५७००० | २७००० | ०.०५ | १४९० |
| | Copper Earthing Rod | १२०० | २००० | ८०० | ३ | २४०० |
| | 11 kv Disc Insulator with all | १२०० | २००० | ८०० | ६ | ४८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | accessories | | | | | |
| | 11 kv do fuse | १२००० | १९००० | ७००० | १ | ७००० |
| | LA 11 kv | ६५०० | ११००० | ४५०० | १ | ४५०० |
| | Transformer Installation | १०००० | १२००० | २००० | १ | २००० |
| १५/०८०-५-१ साह कन्स्ट्रक्सन | ९ mtrs PSC Pole | ८५०० | १२००० | ३५०० | १८ | ८९८२० |
| | Stay Set | १००० | १६२५ | ६२५ | ४ | २५०० |
| | Erection of 8 and 9 M PSC Pole | २०२४.६८ | ३७०० | १६७५.३२ | १८ | ३०१५५.७६ |
| | Stringing of 0.05 sq inch ACSR(HT, 2 Wire) | १५००० | २९००० | १४००० | ०.६८ | ९५२० |
| | Stay Set Installation | १३०० | १६३० | ३३० | ४ | १३२० |
| जम्मा | | | | | | ५५३८३९.९६ |

३९ **नगर सभा गृहः**

उपमहानगरपालिकाले वडा नं.१ मा नगरसभा गृह निर्माणका लागि मिति २०८०-८-२२ मा कबोल अंक रु.४९५७७७९८.५६ (भ्याट सहित) मा कार्य सम्पन्न गर्ने गरी तामाकोशी / साहारा जे.भी.सँग सम्झौता गरेको देखिन्छ । उपरोक्त निर्माण कार्यको चौथौ रनिङ्ग बिलसम्म जम्मा रु.२७७१८११५.८४ भुक्तानी भएको छ । उपरोक्त निर्माण कार्यको स्थलगत अनुगमन गर्दा देहायको व्यहोरा देखिएको छ ।

**स्थलगत अनुगमन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा त्रुटिपुर्ण कार्य अस्वीकार गर्ने र त्यस्तो कार्य निर्माण व्यवसायीवाट प्रतिस्थापन गर्न लगाउने उल्लेख छ । पालिकाले चौथौ रनिङ्ग बिल सम्म सालको चौकस जम्मा ६८ वटा झ्यालको रु.९५४००० भुक्तानी गरेको छ ।लेखापरीक्षणको क्रममा कार्यालयका प्राविधिक कर्मचारी र साईट ईन्चार्जसहित स्थलगत निरिक्षण गर्दा उपरोक्त चौकस मध्ये ६ वटामा लगाईएको काठ मक्किएको, फाटेको, किला काटी ठोक्दा चौकसनै फाटेर क्षति पुगेको देखियो । तसर्थ पालिकाले निर्माण व्यवसायीलाई जिम्मेवार बनाई उक्त ६ वटा चौकस फेर्नु पर्ने अन्यथा ६ वटा को मुल्य रु.८४१७६.४० असुल गर्नुपर्ने रु



.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,१७६.४ |

४० **ठेक्का नं. KSMC/NCB/Works-05-/078/79 पिच सड्क निर्माणः**

उपमहानगरपालिकाले सडक निर्माण कार्यका लागि बोलपत्र आव्हान गरी रु.५५२२६५५.७४ (भ्याट बाहेक) कबोल अंकमा कार्य गर्न निर्माण व्यवसायी सुवेदी निर्माण सेवासँग सम्झौता गरेको स्रेस्ता परिक्षण गर्दा देहायका व्यहोरा देखिएको छः

४०.१ समयमा कार्यसम्पन्न नभएकोः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२८ वमोजिम समयमा कार्य सम्पन्न हुन नसके वापतको पुर्व निर्धारित क्षतिपुर्ती प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौता वमोजिम काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने उल्लेख छ। साथै नियम १४१ मा यस्तो निर्माण व्यवसायीलाई कालो सुचीमा समेत राख्न लेखी पठाउने व्यवस्था रहेको छ। पालिकाले सडक निर्माण मिति २०७८/१२/१३ मा सम्झौता गरी २०७९ मंसीर मसान्त भित्र कार्य सम्पन्न गर्ने म्याद कायम गरेकोमा निर्माण व्यवसायीबाट सो अबधिमा कार्य सम्पन्न गरेको देखिएन । निर्माण व्यवसायीबाट तोकिएको अवधिसम्म २० देखि २५% सम्म मात्र भौतिक प्रगति भएको र निर्माण कार्यको गति समेत सुस्त रहेकोमा पालिकाले विभिन्न मितिमा ३ पटक पत्र चलान गरेको समेत देखिन्छ । निर्माण व्यबसायी निर्माण स्थलबाट सम्पर्क विहिन रहेकोले पालिकाले मिति २०८१/६/१० मा कालो सुचीमा राख्ने सम्बन्धमा समेत स्पष्टिकरण माग गरेको र निर्माण व्यवसायीबाट म्याद थप भएमा निर्माण सुचारु गर्ने जवाफ प्राप्त भएअनुसार पालिकाबाट अन्तिम पटक म्याद थप गरी कार्यसम्पन्न गर्ने म्याद २०८१ मंसिर मसान्त सम्म तोकिएको छ । यस अगाडि चार पटक सम्म म्याद थप गरी सकेको देखिन्छ । लेखापरिक्षणको अवधिसम्म उपरोक्त योजनाको भौतिक प्रगति बढीमा ७५% सम्म मात्र भएको र अन्तिम पटक थप भएको म्याद समेत सकिन लागेको देखिन्छ । यसरी पटक पटक म्याद थप हुँदा समेत समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार कानुनी दायरामा ल्याई क्षतिपुर्ती दाबी गर्नुपर्दछ ।

४०.२ कट्टी रकमः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) मा बिल बिजकको भुक्तानीमा रिटेन्सन मनी ५% कट्टा गर्ने , आय कर ऐन,२०५८ को दफा ८९(१) मा ठेक्का वा करारबापतको भुक्तानीमा १.५% अग्रिम कर कट्टा गर्ने र मुल्य अभिवृद्धि कर नियमावली,२०५३ अनुसार सार्वजनिक निकायले भ्याट रकम भुक्तानी गर्दा ३०% कट्टा गरी भुक्तानी दिने प्रावधान रहेको छ । उपरोक्त ठेक्काको पहिलो रनिङ्ग बिल रकम रु.२६६१३०७.३८ मा गो.भौ.नं.५४५,५९२ र ६७४ बाट रु.२०००००० भुक्तानी गरेकोमा नियमानुसार कट्टा हुनुपर्ने अग्रिम कर कट्टी रु.३१३४४.७९ , धरौटी रु.१०४४८२.६३ र मुल्य अभिवृद्धि कर(३०%) रु.८१४९६.४५ गरी जम्मा रु.२१७३२३.८७ कट्टा गरेको देखिएन । तसर्थ निर्माण व्यवसायी सुबेदी निर्माण सेवाबाट कट्टा हुन छुट भएको रकम रु २,१७,३३२।८७ असुल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१७,३३२.८७ |

४१ **प्रशासकिय भवन निर्माणः**

उपमहानगरपालिकाले भवन निर्माणका लागि मिति २०७९-२-३१ मा कबोल अंक रु.१०३१६३२१६.७३ (भ्याट सहित) मा कार्य सम्पन्न गर्ने गरी चौधरी कन्स्ट्रक्सनसँग सम्झौता गरेको देखिन्छ । निर्माण कार्यको तेस्रो रनिङ्ग बिलसम्म जम्मा रु.४४३५५३७१.९८ भुक्तानी भएको छ ।स्रेस्ता परिक्षण गर्दा निम्न व्यहोरा देखिएको छः

४१.१ **Work Schedule:** पालिकाले भवन निर्माण कार्य समयमा सम्पन्न नहुँदा पछिल्लो पटक २०८१ पौष मसान्तसम्ममा कार्यसम्पन्न गर्ने गरी म्याद थप गरेको छ । सो अबधिमा कार्यसम्पन्न गर्ने कार्यतालिका निर्माण व्यवसायीबाट पेश हुनुपर्नेमा २०८२/२/२८ सम्ममा कार्य सम्पन्न गर्ने तालिका पेश भएको देखिन्छ। यस्तो कार्यतालिका पेश हुँदा निर्माण व्यवसायी समयमा कार्य सम्पन्न गर्ने तर्फ कटिबद्ध रहेको देखिदैन । पालिकाले तोकिएको समयमा कार्यसम्पन्न गर्ने तर्फ जागरुक हुनु पर्दछ ।

४१.२ **स्थलगत अनुगमनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा त्रुटिपुर्ण कार्य अस्वीकार गर्ने र त्यस्तो कार्य निर्माण व्यवसायीवाट प्रतिस्थापन गर्न लगाउने उल्लेख छ । लेखापरीक्षणको क्रममा कार्यालयका प्राविधिक कर्मचारी र साईट ईन्चार्जसहित भवन निर्माण कार्यको स्थलगत निरिक्षण गर्दा भवनको कोलम(पिल्लर)को माथिल्लो भाग फुकेको, कोलम जोडिएको ठाँउमा जोडिएको भागको कङ्क्रिटमा गिट्टी देखिने गरेको, बिमको माथिल्लो भाग फुकेको, पिल्लर र ईटाको वालको लेबल नमिलेको, छतको स्लाबको मोटाई एकनासको नरहेको देखिन्छ । यसरी भवनको कोलम र बिमको गुणस्तर कमजोर रहेको र लेवलमा नरहेकोले निर्माण कार्यमा सुधार गर्नु पर्ने देखिन्छ । तसर्थ पालिकाले प्राविधिकबाट यस्तो कार्यको निरिक्षण गरी त्रुटी रहेको सेक्सन डिस्मेन्टल गरी निर्माण कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।



४२ **कन्टिन्जेन्सी कट्टाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) को अनुसूची-१ र नियम १२ को उपनियम (४) को अनुसूची-१क मा सार्वजनिक निर्माण कार्य वा परामर्श सेवा सम्वन्धी कार्य सम्पादन गर्दा भैपरी आउने किसिमका खर्चलाई लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी रकम र कार्यालय व्यवस्थापन खर्चको रुपमा समावेश गर्न सकिने गरी व्यवस्था गरिएको छ । वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चमा वर्गीकरण गरी व्यवस्था भएको कन्टिन्जेन्सी रकम एवं कार्यालयको व्यवस्थापन खर्च रकमलाई सम्वन्धित निर्माण कार्य वा परामर्श सेवासंग सम्वन्धित काममा मात्र मितव्ययी, प्रभावकारी एवं पारदर्शी रुपमा खर्च गर्न सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका २०७४ को व्यवस्था रहेको छ ।पालिकाले निर्माण कार्यको भुक्तानीमा मुल्यांकन रकमको १.५% थप गरी कन्टिन्जेन्सी खातामा रकम छुट्याउने गरेको छ । यसरी पालिकाले यस वर्ष जम्मा रु.३५४५४६२.९० कट्टा गरेकोमा रु.५५५४३३.७३ खर्च देखाएको छ । आ.व.को अन्तमा पालिकाले यस्तो बाँकी मौज्दात रकम आन्तरिक आयमा दाखिला गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी कट्टाको उद्देश्यअनुसार कट्टा रकमको उपयोग गरेको देखिएन ।

४३ **परामर्स तथा डीपीआर खर्च**

४३.१ **लागत अनुमानको आधारः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयको नम्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको लागत, अन्य सार्वजनिक निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनु पर्ने उल्लेख छ । उपमहानगरपालिकाले देहायका परामर्श सेवा खरिद गर्दा नियमानुसारको नम्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको लागत, अन्य सार्वजनिक निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधार लिई लागत अनुमान तयार गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार सम्बन्धित मन्त्रालयको नम्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको लागत, अन्य सार्वजनिक निकायले सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार नलिँदा पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र वास्तविक हो भनी यकिन गर्न सकिएन । तसर्थ पालिकाले नियमावली अनुसार व्यापक आधार लिई लागत अनुमानलाई यथार्थ र वास्तविक बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| गो.भौ.नं./मिति | कार्य विवरण | परामर्श दाता | लागत अनुमान |
|---|---|---|---|
| ५५/०८०-५-१५ | मधेश आर्ट एण्ड कल्चरल म्युजियम | श्री त्रैलोक्य विल्डर्स एण्ड कन्सलटेन्ट प्रा लि ललितपुर | ९९६३५४.९० |
| ४९/०८०-५-७ | Landfill access road and river Training Works DPR | भिक्टर ईन्जियरिङ्ग कन्सल्टेन्ट | ३५२४२७.६९ |
| ४८/०८०-५-७ | माटोको क्षयिकरण सम्बन्धी अध्ययन | क्रिस्टल इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट कन्सलटेन्स प्रा लि वीरगंज | १९९९१३७.०१ |
| | | जम्मा | ३३४७९१९.६० |

४३.२ बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । उपमहानगरपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार EIA Study of integrated solid waste management विषयमा डि.पि.आर. तयार गर्नका लागि रु.८६५००० मा सम्झौता गरे तापनि भुक्तानी भएको देखिएन । गत वर्ष देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई डि.पि.आर.प्रतिवेदन प्राप्त गरको भएता पनि यस वर्ष सो डि.पि.आर. मध्ये रामजानकी मन्दिर पोखरी निर्माणको योजना मात्र सञ्चालनमा ल्याएको देखिन्छ ।

| कार्य विवरण | परामर्शदाता | गो.भौ.नं./मिति | खर्च रकम |
|---|---|---|---|
| रामजानकी मन्दिर पोखरी निर्माण | श्री मापल इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा लि वीरगंज | १३६/०८०-७-१३ | ५,८६,२२१ |
| मधेश आर्ट एण्ड कल्चरल म्युजियम | श्री त्रैलोक्य विल्डर्स एण्ड कन्सलटेन्ट प्रा लि ललितपुर | ५५/०८०-५-१५ | ८,७२,००० |
| माटोको क्षयिकरण सम्बन्धी अध्ययन | क्रिस्टल इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट कन्सलटेन्स प्रा लि वीरगंज | ४८/०८०-५-७ | १९९४४५० |
| Landfill access road and river Training Works DPR | भिक्टर ईन्जियरिङ्ग कन्सल्टेन्ट | ४९/०८०-५-७ | ३५०७५२ |
| EIA Study of integrated solid waste management | क्रिस्टल इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट कन्सलटेन्स प्रा लि वीरगंज | | ० |
| जम्मा: | | | ३५७३९७३ |

यसरी आफ्नै प्राविधिक जनशक्तिबाट अध्ययन प्रतिबेदन तयार नगरी परामर्श दाताबाट गराउँदा सिमित स्रोत साधनको जनसेवामा परिचालन क्षमता कमजोर हुने हुँदा आगामी दिनमा उपमहानगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

४४ **राजस्व बक्यौता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायी एवं व्यक्तिहरुबाट सम्झौता अनुसार रकम असुल गर्न बाँकी रहेको छ ।

४४.१ **सटर भाडा बक्यौता-** यस वर्ष सम्झौता वमोजिम दाखिला गर्नु पर्ने भाडा देहायका व्यक्तिहरुले समयमा दाखिला गरेको देखिएन । सम्झौतामा उल्लेख भएको शर्त वमोजिम बक्यौता रकममा व्याज समेत असुल गर्नु पर्ने रु

| कोठा नं. | नामथर | मासिक दर | वार्षिक भाडा | आ.व २०८०/८१को बाँकी रकम |
|---|---|---|---|---|
| ८ | भैरव साह कानु | ३५०० | ४२००० | ३५०० |
| १० | महावीर प्रसाद सोनार | ३५०० | ४२००० | ३१५०० |
| २१ | करिम मियाँ | १७५० | २१००० | ३५०० |
| २२ | नुरमहम्द मिया | १७५० | २१००० | २१००० |
| २३ | साह महमद | १७५० | २१००० | १९२५० |
| २६ | रामेश्वर प्रसाद सोनार | ३५०० | ४२००० | ४५५०० |
| ४० | ईसराईल मियाँ | ३५०० | ४२००० | ४२००० |
| ४६ | राजा प्रसाद दास | ३५०० | ४२००० | २४५०० |
| ४८ | भक्तराज प्र. कानु | ३५०० | ४२००० | ४८५०० |
| ६० | चन्द्रीका दास बानिया | ३५०० | ४२००० | १४००० |
| ७७ | सविता गुप्ता | ३५०० | ४२००० | ६४७५० |
| ११४ | अनिस सहमान देवान | ३५०० | ४२००० | १०५०० |
| १२१ | राजकिशोर दास | ३५०० | ४२००० | ७०० |
| | | | | ३२९२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२९,२०० |

४४.२ **काठे गुण्टी बक्यौता-** यस वर्ष सम्झौता वमोजिम दाखिला गर्नु पर्ने भाडा देहायका व्यक्तिहरुले समयमा दाखिला गरेको देखिएन । सम्झौतामा उल्लेख भएको शर्त वमोजिम बक्यौता रकममा व्याज समेत असुल गर्नु पर्ने रु.

| कोठा नं. | नामथर | मासिक दर | वार्षिक भाडा | आ.व २०८०/८१को बाँकी रकम |
|---|---|---|---|---|
| ८ | लालधर साह कानु | १७०० | २०४०० | १७०० |
| ९ | नवल प्रसाद | १७०० | २०४०० | १७०० |
| २२ | प्रमोद प्र.जैसवाल | १६६५ | १९९८० | १६६५ |
| २४ | रविन यादव | १६६५ | १९९८० | १९९८० |
| २९ | श्याम कृष्ढ कोइरी | १७०० | २०४०० | १३६०० |
| ३१ | श्री भगवान | १७०० | २०४०० | १७०० |
| ३६ | कृष्ण प्र.साह कानु | १७०० | २०४०० | १७०० |
| ४५ | मिना कुमारी | १७०० | २०४०० | ८५०० |
| ५१ | मनोज कुमार साह | १००० | १२००० | १००० |
| | | | | ५१५४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,५४५ |

## ४५ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्वसंकेत | आम्दानीशीर्षक | अनुमान | आम्दानि | असुलीप्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | सम्पति कर | ४०००००००० | १४६६०४४५ | ३६.६५ |
| ११३१४ | भुमिकर/मालपोत | ० | १२७४६८२ | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ३००० | |
| ११३१७ | वहाल कर | १०००००० | ७६८२३०९ | ७६८.२३ |
| ११३१८ | वहाल विटौरी कर | १०००००००० | ५०००० | ०.५० |
| ११४५१ | सवारी साधनकर (साना सवारी) | २५०००० | ५०० | ०.२० |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ८९०० | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ५०० | |
| ११६९१ | अन्य कर | ३०००००००० | ५०४१९३ | १.६८ |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | ३०००००००० | ० | ०.०० |
| १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | २५००००००० | ४२२६१६५४ | १६९.०५ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १०००००० | १४९०० | १.४९ |
| १४२१२ | सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | ७००००० | २६७९८५७ | ३८२.८४ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ४८०१३९ | ३० | ०.०१ |
| १४२१६ | निजी धारा वापतको शुल्क | ० | १८१० | |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ६४७२० | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २५०००० | ५१०४६ | २०.४२ |
| १४२२१ | न्यायिक दस्तूर | ० | ४२०० | |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ५१०० | |
| १४२२४ | परीक्षा शुल्क | ० | १२०० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २५००००००० | १८८०५३२ | ७.५२ |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | १०००० | |
| १४२४२ | नक्सा पास दस्तुर | ६०००००००० | १९२९८७४ | ३.२२ |
| १४२४३ | सिफारिश दस्तुर | २०००००००० | ७८२३६९१ | ३९.१२ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००० | ७१३८४८ | १४.२८ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ८०००००० | ६२५०५६ | ७.८१ |
| १४२४९ | अन्य दस्तुर | १०००००००० | २१३३२३० | २१.३३ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५००००० | २४३७४० | ९.७५ |

| | | | | |
|---|---|---|---|---|
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | ३३५७० | |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | २०० | |
| १४२६५ | अन्य क्षेत्रको आय | ० | ८०३७४४९ | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ४५४० | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २५००००० | ५०४००९ | २०.१६ |
| १४३१३ | धरौटी सदरस्याहा | १२५०००० | ० | ०.०० |
| १४५२९ | अन्य राजस्व | ५३०००००० | २२१७६७६ | ४.१८ |
| १४६११ | व्यवसाय कर | ० | २३९६२९१ | |
| | | ३२५९३०१३९ | ९७८२२७५२ | ३०.०१ |

उपमहानगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

४६ **आन्तरिक आयको विश्लेषण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ८ मा नगरपालिकाको वर्गिकरण अन्तर्गत उपमहानगरपालिका हुनका लागि आधारहरुमा पछिल्लो वर्षको औषत आय कम्तिमा ३ करोड हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सुत्र अनुसार पछिल्लो वर्षको पालिकाको आन्तरिक श्रोतको लक्ष्य र प्राप्तिको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | राजस्व लक्ष्य | राजस्व प्राप्ति | लक्ष्य प्रगति |
|---|---|---|---|
| २०७६/७७ | ८७६२८९७५. | ३३७४२२७.६ | ३.८५ |
| २०७७/७८ | २३६६८०२५०. | ५२२७८४८१.६९ | २२.०९ |
| २०७८/७९ | १७९२९६४२०. | ८४७६६९१९.६२ | ४७.२७ |
| २०७९/८० | ९९३२३९७०. | ६४९५१६६६.८६ | ६५.३९ |
| २०८०/८१ | ३२५९३०१३८.५६ | ९७८२२७५१.९६ | ३० |

यस उपमहानगरपालिकाको आन्तरिक स्रोत पछिल्लो ५ वर्षको औषत वार्षिक रु. ६ करोड ६ लाख रहेको छ । ऐनले तोकेको न्युनतम मापदण्डको तुलनामा २४ प्रतिशत मात्र रहेको छ । त्यसैगरी यस आर्थिक वर्षमा पालिकाले लिएको लक्ष्यको ३० प्रतिशत मात्रै आन्तरिक आय संकलन गर्न सफल भएको छ र पछिल्लो ६ वर्षमा लक्ष्यको तुलनामा औषत ३२ प्रतिशत आन्तरिक स्रोत संकलन भएको छ । स्थानिय सरकार संचालन ऐनले उपमहानगरपालिकाका लागि आवश्यक आयस्रोतको न्युनतम मापदण्डको तुलनामा पालिकाको आन्तरिक स्रोत र लक्ष्यको तुलनामा प्रगतिको अवस्था विगत ५ वर्षमा समेत सन्तोषजनक देखिदैन ।अतः पालिकाले आफ्नो क्षेत्र भित्र रहेका राजस्वका संम्भाव्यताको खोज गरी राजस्व क्षमता बढोत्तरी गरी संघीय र प्रादेशिक अनुदान प्रतिको निर्भरता कम गर्न र गुणस्तरीय एवं प्रभावकारी सेवा प्रवाह र विकास निर्माणका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता आफैले गर्नेतर्फ ध्यान जानुपर्दछ ।

४७ **माछा पोखरी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको राजस्व संकलन गर्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिका अन्तर्गतका विद्यालयहरुमा रहेका निम्नानुसार पोखरीहरुको विद्यालय आफैंले ठेक्का लगाएको पाइयो।उक्त पोखरीहरु पालिका अन्तर्गत ल्याइ आन्तरिक आयमा बृद्धि गर्नु पर्दछ।

| क्र सं | विद्यालयको नाम | वडा नं |
|---|---|---|
| १ | अमर मा वि दोहोरी मझौलिया | २ |
| २ | सिद्धेश्वर संस्कृत मा वि कलैया | ३ |
| ३ | जनता माध्यमिक विद्यालय भवानीपुर | ३ |
| ४ | ने रा मा वि रामपुर खेस्राहा | ९ |
| ५ | ने रा मा वि मटिअर्वा | १० |
| ६ | ने रा मा वि वलिरामपुर | १३ |
| ७ | ने रा मा वि पत्रहट्टी भौरा | १४ |
| ८ | महाविर ने रा मा वि ब्रह्मपुरी | १७ |
| ९ | तपी मा वि भौडाहा | २१ |

४८ **निकासा अभिलेख खाता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।उपमहानगरपालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन। यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

४९ **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण गर्न प्रति विद्यालय वार्षिक रु १५००० र २०००० सामाजिक परिक्षण एवं आर्थिक लेखा परीक्षणका लागि प्रति विद्यालय रु १०००० र १५००० का दरले ६३ विद्यालयलाई रु १७६५००० अनुदान निकासा गरेको पाइयो।पालिकाले आर्थिक सुधार योजना तथा सामाजिक लेखापरीक्षण सम्वन्धी कागजातहरु स्रेस्तासाथ संलग्न गरेको देखिएन।तसर्थ उक्त प्रमाण कागजातहरु अनिवार्य संलग्न गरी स्रेस्ता अद्यावधिक गर्नु पर्दछ।

५० **आवासीय छात्रवृति** (२०५-२०८१-२-१७):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ मा अपांगता भएका विद्यार्थीका लागि आवासीय छात्रवृति प्रति विद्यार्थी मासिक रु ४००० का दरले १० महिनाको रु ४०००० विद्यालयलाई अनुदान दिने व्यवस्था छ। सो अनुसार सुस्त श्रवण भएका दुर्गा माध्यमिक विद्यालय वरेवाका २० जना विद्यार्थीलाई ४०००० का दरले रु ८००००० निकासा गरेको पाइयो। विद्यालयले सो रकमवाट खाजा खाना तथा आवास व्यवस्थापनका लागि खर्च गर्ने व्यवस्था छ।सो मध्ये व्यक्तिगत सरसफाइका लागि आवश्यक पर्ने सामाग्रीहरु सावुन,काइयो, दन्त मन्जन, व्रस लगायतका सामानहरु खरिद गर्न मासिक रु ५०० का दरले १० महिनाको रु ५००० सम्वन्धित छात्रछात्रालाई नगद भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । उक्त रकमको कार्यान्वयन पुस्तिकाले तोके बमोजिम खर्च भए नभएको सम्वन्धमा उपमहानगरपालिकाले एकिन गर्नुपर्दछ ।

५१ **कार्यसम्पादन अनुदान** (१५५-२०८०-१२-२१):

पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा तोकिएको शिर्षकमा निकासा भएको रकम सोही पुस्तिकामा उल्लेख भएको कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ।दुर्गा माध्यमिक विद्यालय वरेवालाई क्रियाकलाप नं २.७.१३.१३ अन्तर्गत नमूना विद्यालयको लागि शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदान वापत रु ६०००००० निकासा दिएकोमा सो विद्यालयले उक्त योजना कार्यान्वियनका लागि के कस्तो क्रियाकलाप संचालन गरी खर्च गरेको हो सो को गुरु योजना सहित विल भरपाइ तथा प्रमाण कागजात स्रेस्तासाथ संलग्न गरेको देखिएन।तसर्थ खर्चको प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

५२ **प्रोत्साहन अनुदान** (271-२०८१-३-१३):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा शैक्षिक, व्यवस्थापकीय सुधार. सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत प्रति विद्यालय २ देखि ३ लाखका दरले देहायका विद्यालयलाई रु ५००००० अनुदान निकासा दिएको छ।उक्त रकम शैक्षिक सुधारमा खर्च भएको विल भरपाई पेश भएको छैन।उक्त रकम कार्यान्वियन पुस्तिकाले निर्देश गरे वमोजिम विषयमा खर्च भए नभएको पालिकाले नियमन गरि खर्चको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

| क्र सं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | दुर्गा माध्यमिक विद्यालय वरेवा | ३००००० |
| २ | ने रा आ वि खमवा | २००००० |
| | जम्मा | ५००००० |

५३ **छात्रा छात्रवृति**

२०५।२।१७ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.२.१ को दफा ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकहरुलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराइ शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम अनुदान दिने व्यवस्था छ।सो अनुसार छात्रा छात्रवृति कक्षा १–८ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले र दलित छात्रवृति प्रति विद्यार्थी वार्षिक ४०० का दरले दिनु पर्ने उल्लेख छ।

- पालिकाले देहायका विद्यालयहरुका छात्राहरुलाई छात्रा छात्रवृति भुक्तानी गर्दा इमिस डाटा भन्दा वढी विद्यार्थीलाई रु १५२०० छात्रवृति दिएको पाइयो।तसर्थ इमिस डाटा भन्दा वढी संख्यालाई भुक्तानी दिएको रकम सम्वन्धित विद्यालयवाट असुल गर्नु पर्ने रु

| विद्यालयको नाम | इमिस अनुसार छात्रा संख्या | भुक्तानी दिएको छात्रा संख्या | वढी संख्या | वढी भुक्तानी रकम |
|---|---|---|---|---|
| ने रा मा वि मोतीसर | २७३ | ३०५ | ३२ | १२८०० |
| ने रा मा वि सिस्वा महेशपुर | ४१० | ४१३ | ३ | १२०० |
| सिद्धेश्वर संस्कृत मा वि | १३९ | १४२ | ३ | १२०० |
| | | | जम्मा | १५२०० |

- नेपाल वाल मन्दिर प्रा वि लाई छात्रा र दलित छात्रहरुको छात्रवृति वापत गो भौ नं २०५।२०८१।२।१७ वाट रु ३४८०० निकासा भएकोमा रु २०००० को मात्र भरपाइ पेश भएकोले वाकी रु १४८०० विद्यालयवाट असुल गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

५४ **ल्याव सामाग्री अनुदान** (१०९-२०८०-११-१):

१०९।२०८०।११।१ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा प्राविधिक विषय अध्यापन गर्ने विद्यालयलाई ल्याव सामाग्री अनुदान वापत प्रति विद्यालय वार्षिक रु २ लाखका दरले अनुदान दिने व्यवस्था छ।जसअनुसार देहायका विद्यालयहरुलाई रु ६००००० अनुदान निकासा गरेको छ।सो अनुसार सामाग्री खरिद गरेको विल भरपाइ पेश भएको देखिएन ।तसर्थ विद्यालयले ल्याव सामाग्री खरिद गरेको प्रमाण पेश गर्नुपर्ने रु

| सि नं | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | दुर्गा माध्यमिक विद्यालय वरेवा | २००००० |
| २ | ने रा मा वि सिस्वा महेशपुर | २००००० |
| ३ | ने रा मा वि मनहर्वा | २००००० |
| | जम्मा | ६००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

५५ **पुस्तकालय तथा विज्ञान प्रयोगशाला अनुदान**

२७३।३।१३ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ को शिर्षक विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानवाट विद्यालयमा विज्ञान प्रयोशाला र पुस्तकालयको लागि प्रति विद्यालय रु ६५०००० का दरले देहायका ७ विद्यालयहरुलाई रु ४५५०००० निकासा गरेको छ।उक्त विद्यालयहरुले विज्ञान प्रयोगशाला सामाग्री र पुस्तकालय सामाग्री खरिद गरेको प्रमाण स्रेस्तामा संलग्न छैन।तसर्थ ति विद्यालयहरुले कार्यान्वियन पुस्तिकाले तोके वमोजिम सामान खरिद गरेको प्रमाण पेश गर्नु पर्ने रु

| क्र सं | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | ने रा मा वि मटिहर्वा | विज्ञान प्रयोशाला | ६५०००० |
| २ | ने रा मा वि वसतपुर | विज्ञान प्रयोशाला | ६५०००० |
| ३ | ने रा मा वि पत्रहट्टी भौरा | विज्ञान प्रयोशाला | ६५०००० |
| ४ | ने रा आ वि वघवन | पुस्तकालय | ६५०००० |
| ५ | ३ चन्द्र मा वि कलैया १ | पुस्तकालय | ६५०००० |
| ६ | ने रा आ वि खमवा | पुस्तकालय | ६५०००० |
| ७ | ने रा आ वि शितलपुर | पुस्तकालय | ६५०००० |
| | | जम्मा | ४५५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,५०,००० |

५६ **पाठ्यपुस्तक निकासा**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार पालिकाले पुस्तक वापतको रकम निकासा गर्दा विद्यालयले प्रमाणित गरेको विद्यार्थी संख्याको आधारमा इमिस डाटामा सत्यापन गरेर मात्र दिनु पर्दछ।नमूना छनौट गरी परीक्षण गर्दा देहायका विद्यालयहरुको पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा इमिस डाटामा सत्यापन नगराइ रकम निकासा गरेको देखियो ।तसर्थ इमिस भन्दा विल तथा भरपाइ वढी देखिएका विद्यार्थीलाई गएको देहाय वमोजिमको निकासा रकम रु १२५९६० असुल गर्नु पर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १,२५,९६० |
|---|---|

५७ **रनिङ्ग शिल्ड प्रतियोगिता** (128-२०८०-११-२०):

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कलैया ६ लाइ खातामा रु १००००० निकासा दिएको छ।उक्त खर्चको विल भरपाइ स्रेस्तामा संलग्न गरेको देखिएन।तसर्थ उपमहानगरपालिकाले उक्त रकम खर्चको पुष्ट्याई गर्ने कागजात एंव प्रमाणको परिक्षण गरी सम्वन्धित कागजात सहित स्रेस्ता राख्ने कार्य गरी नियमको परिपालना गर्नुपर्दछ ।

५८ **शिक्षक दरवन्दी र पदपूर्ती**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था भएको हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।शिक्षा नियमावली अनुसार तराई क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात ५० हुनुपर्नेमा ० देखि ४९ र उपमहानगरपालिकाको औसत ७६ जना रहेको छ।अतः आवश्यकतानुसार विद्यालय मर्ज वा समायोजन गरिनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५९ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार IEMIS मा भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत गो भौ नं १८।२०८०।६।१८ वाट रु १०७८७१००,गो भौ नं १०३।२०८०।११।१ वाट १००५८०१७, गो भौ नं २०८। २०८१।२।१७ वाट रु ३६६४०९५, गो भौ नं २१४।२०८१।२।३२ वाट रु ४४३४४५०, गो भौ नं २९३।२०८१।३।१८ वाट रु १२७७६९२० समेत जम्मा रु ४१७२०५८२ निकासा गरेको छ।यसरी रकम निकासा गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ ले तोकेको प्रक्रिया पूरा गरी खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपछि मात्र अनुदान दिने र प्रत्येक पटक रकम निकासा गर्दा उक्त समय भन्दा अघि निकासा भएको रकम सदुपयोग भए नभएको सुनिश्चित गरी निकासा दिनु पर्ने तथा वालवालिकालाइ दिवा खाजा खुवाउदा स्थानीय कृषकसंग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र विल भरपाइ विद्यालय व्यवस्थापन समिति र खाजा व्यवस्थापन उपसमितिवाट अनुमोदन गर्नु पर्नेमा सो भएको देखिएन साथै विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम संचालन भए नभएको विषयमा पालिकाले अनुगमन गर्नु पर्ने र सोमा केहि कैफियत देखिए समाधानको उपाय सहित राय सुझाउ सहितको प्रतिवेदन दिनु पर्नेमा सो भए गरेको देखिएन जसले गर्दा दिवा खाजा वापत खर्च भएको रकम सदुपयोग भएको सम्वन्धमा एकिन गर्न सकिएन ।

६० **निःशुल्क शिक्षा**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

६१ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को बुंदा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बुंदा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले २०७९/८० को संघीय शसर्त चालु बजेटलाई पालिकाको विविध खातामा ट्रान्सफर गरी विविध खाताको गो.भौ.नं.मिति २/२०८०।६।२ मा पालिकाले हार्डकपि बोलपत्र खरिद विधि मार्फत एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ्गबाट १४४६३८ थान स्यानिटरी प्याड प्रति प्याकेट रु.२४.५४ (मु अ कर समेत) दरले रु.३५४९९३७.२२ मा खरिद गरेको छ । पालिकाले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखी छात्राहरुलाई वितरण गरेको भरपाई पेश गर्नु पर्दछ।

६२ **एकमुष्ठ अनुदान** (२७१-२०८१-३-१३):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ठ अनुदान प्रति विद्यालय रु १० लाखका दरले अनुदान निकासा दिने व्यवस्था छ।सो अनुसार सार्वजनिक आ वि निलकण्ठवालाई रु १० लाख निकासा गरेको छ।उक्त रकम शिक्षक तथा विद्यालय व्यवस्थापनमा खर्च गरेको प्रमाण पेश भएको छैन।तसर्थ सो विद्यालयको शिक्षक संख्या सहित खर्चको प्रमाण तथा तलव वुझेको भरपाइ पेश हुनु पर्दछ।

६३ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१३) मा गत वर्षको भुक्तानी दिन वाकी भएमा भुक्तानी दिन वाकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराइ भुक्तानी दिन सकिने व्यवस्था छ। स्वास्थ्य तर्फका कर्मचारीहरुको गो भौ नं ८ मिति २०८०।६।२ वाट गत आर्थिक वर्षको असारको तलव रु २२४६४८६ भुक्तानी दिन वाकीको विवरण प्रमाणित नगरी खर्च लेखेको छ।तसर्थ नियमावलीको प्रक्रिया पूरा गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६४ **वढी खर्च**

५०।२०८०।८।१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ३९ (५) मा खर्च गर्दा सो को पुष्टी हुने विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ।पोषण कार्यक्रम तथा खाजा खर्च वापत विल भरपाइ जोड जम्मा गर्दा ३०४४००।खर्च हुनु पर्नेमा रु ३१२२०० खर्च लेखेकोले विल भरपाइ भन्दा वढी रु ७८०० खर्च लेखेको छ। तसर्थ उक्त वढी खर्च रकम ज स्वा नि श्री मनोज कुमार यादववाट असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८०० |

६५ **गहुँको विउ वितरण**

किसानहरुलाई गहुँको उन्नत विउ वितरण गर्न कृषि विकास मन्त्रालय अन्तरगत रहेको विउ विजन गुणस्तर नियन्त्रण कार्यालयको सूचना वमोजिम जल्पा विउविजन तथा जैविक मल उद्योग चपुर र साना किसान कृषि सहकारी संस्था लिमिटेड वारावाट प्रति के जि रु ७० का दरले २०९६० के जि गहुँको विउ खरिद गरी रु १४६७२०० खर्च भएको छ।उक्त रकमको ५० प्रतिशतले हुने रकम रु ७३३६०० किसानहरुवाट संकलन गरी वैक जम्मा गरेको छ।सो सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छ।

- वीउ विजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७७ दफा ९ वमोजिम ५० प्रतिशत अनुदानमा उपलव्ध गराएको गहुँको विउ २०९६० के जी खरिद गरिएकोमा किसानहरुलाई २०१७१ के जी मात्र वितरण गरेको भरपाइ पेश भएको छ। वितरण गर्न वाँकी भएको ७८९ के जी वीउ सम्वन्धमा सो को वितरण समेत नभएको तथा मौज्दात रहेको समेत देखिएन तसर्थ उक्त विउ प्रति के जी रु ७० का दरले हुने रु ५५२३० को सम्वन्धमा एकिन गरी स्पष्ट गर्नु पर्दछ ।

६६ **सिलाइ कटाई तालिम**

२२४।२०८१।२।२७ लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत एडभान्स सिलाइ कटाइ तालिम २०८०।११।१३ देखि २०८१।१।१३ सम्म ६० दिन नेपाल रेडक्रस सोसाइटी वाराको सभाहलमा तालिम कार्यक्रम संचालन गर्दा देखिएका व्यहोराहरु निम्न अनुसार छन।

- संघीय अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७.१.१५ मा सिप विकास तालिममा ३० कार्य दिन भन्दा वढी लागेमा प्रशिक्षक भत्ता मासिक १०००० का दरले भुक्तानी गर्नु पर्ने व्यवस्था छ।प्रशिक्षक नेहा गिरीलाई ६० दिन सम्म सिलाइ कटाइ तालिम संचालन गरे वापत मासिक रु २५००० का दरले रु ५०००० भुक्तानी गरेको पाइयो ।तसर्थ मासिक १५००० का दरले २ महिनाको रु ३०००० वढी भुक्तानी भएको छ।अतः निर्देशिकाले तोकेको दर भन्दा वढी दरले नेहा गिरीलाई भुक्तानी गरेको कर कट्टा पछिको रकम रु २५५०० लघु उद्यम सहजकर्ता राम आशिष चौधरीवाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु
- आयकर ऐन २०५८ को दफा ८९ वमोजिम भाडामा १० प्रतिशतका दरले कर कट्टा गर्नु पर्ने व्यवस्था छ।नेपाल रेडक्रस सोसाइटी वाराको सभाहल भाडा रु १५००० र सिलाइ मेशिन भाडा रु १३२०० समेत रु २८२०० मा कर २८२० कट्टा गरेको नदेखिएकोले उक्त कर वापतको रकम राम आशिष चौधरीवाट असुल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ६६.१ | राम आशिष चौधरी | २,८२० |
| ६६.२ | राम आशिष चौधरी | २५,५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,३२० |

६७ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम संचालन सबै वडामा ई एफ टी मार्फत लाभग्राहीको खातामा रु. ४३५६५६०४४.८७ निकासा दिएको देखिन्छ । यस आर्थिक वर्षमा ३९८८ जना नयाँ थप र २३०० जना लगत कट्टा भई १९८७१ जना लाभग्राही कायम भएको छ । यस अन्तर्गत देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा १५(३) बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्षभित्र रकम बुझिसक्नु पर्नेछ र दफा २६ (३) बमोजिम एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरि त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यृ भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको तथा लगत कट्टा भई फिर्ता हुने रकम सन्दर्भमा सम्बन्धित शाखाले बैकलाई फिर्ता गर्ने पत्र बमोजिम बैंकबाट फिर्ता गरे नगरेको एकिन गरि प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेकोले त्यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा ११ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा गरी लगत अद्यावधिक समयमा नै गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- **पारदर्शिता**:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा ३२ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको त्रैमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।तसर्थ निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन। अतः पालिकाले लाभग्राही नामनामेसी विवरण अद्यावधिक गरेर मात्र भत्ता रकम वितरण गर्नुपर्दछ ।

- **अनुगमन तथा सुपरिवेक्षण**:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुंदा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि-१३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख छ। त्यसैगरी वुंदा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङकन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। त्यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

६८ **बजेट फ्रिज नगरी विविध खातामा रकम ट्रान्सफरः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(७) मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षकको हकमा बाहेक अन्य बजेट शिर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। उपमहानगरपालिकाले ठेक्का व्यवस्थापन प्रक्रिया समयमा नगर्दा स्यानिटरी प्याड खरिद शिर्षकको विनियोजित रकम रु.२३०९७६५.२८ भुक्तानी हुन नसकेको कारण बजेट फ्रिज नगर्ने उद्देश्यले सशर्त चालु शिर्षकबाट आर्थिक वर्षको अन्त्यमा नगरपालिका विविध खातामा ट्रान्सफर गरी राखेको देखियो ।पालिकाले पछिल्लो आ.व.मा गो.भौ.२/०८१-६-२२ बाट रु.२३०९७६५.२८ बिविध खाताबाट स्यानेटरी प्याड खरिदवापत भुक्तानी गरेको छ । आर्थिक वर्षको अन्त्यमा खर्च नभई बांकी रहेको रकम संघिय संचित कोषमा फिर्ता नगरी विविध खर्च खातामा ट्रान्सफर गर्न हुने देखिदैंन । तसर्थ पालिकाले नियमानुसार खर्च नभई फ्रिज हुने बजेट रकम फिर्ता गर्नु पर्दछ ।

६९ **सँघिय सरकारबाट हस्तान्तरित ठेक्काः**

विनियोजन ऐन,२०८० को दफा ५ मा नेपाल सरकारको कुनै निकायबाट कार्यान्वियन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तह मार्फत कार्यान्वियन गर्नु पर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश तथा स्थानिय तहबाट कार्यक्रम कार्यान्वियन गर्ने गरी निर्णय गर्नु पर्ने उल्लेख छ । नेपाल सरकारबाट शर्सत अनुदान तर्फ यस वर्ष ठेक्का नं. DUDBC/PARSA/2074-75-NCB-25 को योजना हस्तान्तरण भई रु.२५ लाख विनियोजन भएको देखिन्छ । उपरोक्त योजनामा आर्थिक वर्ष २०७४/७५ मा रकम विनियोजन भई शहरी विकास तथा भवन निर्माण कार्यालय पर्साबाट ठेक्का वन्दोबस्ती समेत भईसकेको अवस्था देखियो । ठेक्का वन्दोबस्ती भैसकेको योजना कार्यक्रम यसरी हस्तान्तरण भई आँउदा स्थानिय तहबाट सोको लगत खडा गरी योजना सँचालन सम्बन्धी निर्णय गर्नुपर्ने देखिन्छ । पालिकाले शहरी विकास तथा भवन निर्माण कार्यालय पर्साबाट भएको उपरोक्त ठेक्काको फाईल बुझी लिई लगत खडा गरेको देखिएन । साथै सो योजनाको के कति निर्माण कार्य सम्पन्न भएको र बाँकी रहेको कामको यकिन समेत गरेको देखिएन । त्यस्तै शहरी विकास तथा भवन निर्माण कार्यालय पर्साबाट भएको ठेक्काको अवस्था समेत यकिन नगरी विनियोजित रकमबाट उपभोक्ता समितिमार्फत कलैया बस पार्कमा ढलान कार्य गरी रु.२४९९४८७.९७ खर्च लेखेको देखिन्छ । यसरी पालिकाले सँघिय सरकारबाट हस्तान्तरित योजना (ठेक्का) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउनु नियम सम्मत मान्न सकिएन ।

७० **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. ९२ लाख ७१ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चबाट खाजा खानाका साथै मेशिनरी औजार मर्मत सानातिना कार्यालय सम्बन्धी खर्च, खेलकुद प्रतियोगिताका लागि आर्थिक सहयोग लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।

७१ **भ्रमण अभिलेख व्यवस्थित नगरेको:**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु. १८ लाख १० हजार र अनुगमन मूल्याङ्कन बाट रु. ३ लाख ७२ हजार गरी २१ लाख ८२ हजार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

७२ **कच्चावारी नभरेको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम नियम ३९(१३) मा अघिल्लो आर्थिक वर्षमा भुक्तानी हुनुपर्ने रकम भुक्तानी हुन वाँकी रहेमा मलेप फाराम नम्बर २२१ (भुक्तानी हुन बाँकीको कच्चाबारी) भरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं. ४२४।२०८०।०६।२५ बाट आर्थिक वर्ष २०७८।७९ को मिति २०७८/०८/१५ र २०७८/०९/१६ गते अपाङ्गता परिचय पत्र वितरण स्थानीय समितिको बैठकमा उपस्थित सदस्यहरुलाई भत्ता वितरण वापत रु. ४४५००- भुक्तानी गरेको छ । उक्त खर्चको भुक्तानी हुन बाँकीको कच्चावारी भरेको छैन साथै नगर सभाबाट अनुमोदन समेत गराएको छैन ।तसर्थ कच्चावारी नभरी खर्च गरेको नियमित नदेखिएको रु.

| गोभौ न मिति | विवरण | पद | नाम | बैठकसंख्या | दर | भुक्तानीरकम |
|---|---|---|---|---|---|---|
| ४२४-२०८०/०६/२५ | मिति२०७८/०८/१५ र २०७८/०९/१६ गते अपाङ्गतापरिचय पत्र वितरण स्थानीय समितिको बैठकमा उपस्थित सदस्यहरुलाई भत्ता वितरण | पूर्व उप प्रमूख | रहिमाखातुन | २ | २५०० | ४२५० |
| | | प्र प अ | नाथु साह | २ | २५०० | ४२५० |
| | | महिला सदस्य | बदन देवीकुर्मी | २ | २५०० | ४२५० |
| | | चिकित्सक | डासूर्यभुषण यादव | २ | २५०० | ४२५० |
| | | प्र अ श्री ३ चन्द्र मा,कलैया | नरेन्द्रराज गिरी | २ | २५०० | ४२५० |
| | | ने अ से सं ई स कलैया | रमेशसाह बानिया | २ | २५०० | ४२५० |
| | | सदस्य | रामप्रसादमहतो धानुक | २ | २५०० | ४२५० |
| | | मनोनित सदस्य | निमेससाह कानु | २ | २५०० | ४२५० |
| | | मनोनित सदस्य | रेखाचौधरी | २ | २५०० | ४२५० |
| | | | आसमाखातुन | २ | २५०० | ४२५० |
| | | | सरलारुपाखेती | २ | ५०० | १००० |
| | ब्यानर | | | | | १००० |
| कुल जम्मा | | | | | | ४४५०० |

| | |
|---|---|
| अनियमित भएको | ४४,५०० |

७३ **शिर्षक फरक पारी खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।उपमहानगरपालिकाले नगर सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ। नगर सभाबाट स्वीकृत भएका केही कार्यक्रममा देहायका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ। यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्दै निम्नानुसार गरिएको खर्च रु ४०२९२३ अनियमित देखिएको रु.

| गो भौ न मिति | कारोबारकोविवरण | खर्चलेखेको शिर्षक | हुनुपर्नेशिर्षक | भुक्तानीपाउने | रकम |
|---|---|---|---|---|---|
| १०२६-२०८०/०९/१७ | जैविक फोहोर स्टिकर तथा आई डी कार्ड फित्ता खरिद | विविध खर्च२२७११ | कार्यालयसम्बन्धी | श्याम आर्ट्स६१२७१२३१९ | ८२५०३ |
| १७२५-२०८०/०९/१७ | २०८० माघ देखी बैशाख सम्मको प्रोत्साहन भत्ता भुक्तानी | विविध खर्च२२७११ | अन्य भत्ता | विभिन्न १४जना | ३२०४२० |
| जम्मा | | | | | ४०२९२३ |

| | |
|---|---|
| अनियमित भएको | ४,०२,९२३ |

७४ **फोटोकपी बिल :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले तपसिलमा उल्लिखित गोश्वारा भौचरहरुबाट फोटोकपी विल संलग्न रखी रु. ११७४९७ भुक्तानी गरेको छ । उक्त फर्महरुले फोटोकपी बिल पेश गरेकोले सक्कल बिल पेश हुनुपर्ने रु.

| मिति | भौ.नं. | कामकोविवरण | भुक्तानीपाउने | खर्च |
|---|---|---|---|---|
| २०८०/०५/०७ | १६४ | साइकलखरिद | ओम साइकलस्टोर ६०१७३७९८३ | १७४८० |
| २०८०/१२/०५ | १४४६ | स्थानीय सरकारका प्रवक्ताको भूमिका तथा जिम्मेवारी विषयक प्रशिक्षण कार्यक्रम | सेण्टर फरईनोभेटिभ गभर्नेन्स प्राक्टिसेस ६०९७८७२९४ | १६९५० |
| २०८१/०३/१४ | १८०८ | स्वास्थ्य केन्द्रका लागि सर्जिकल समाग्री खरिद | ओम सर्जिकल६०१४१७०३६ | ८३०६७ |
| | | | | ११७४९७ |

| | |
